वर्ष : १२ | अंक : ११

२०८१ जेठ | 2024 May.-June.

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक



सम्मानका साथ
**पर्थमा जमेका भैरव**



# बजेट

## न उत्साह, न निराशा !

चासो उद्यम र रोजगारीको

मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन दिनार ०.५/-, युएस ४ $/-


CITY EXPRESS
GROUP
CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर
जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस
cityPAY
Scan & Download cityPAY
विदेशबाट ढुक्कसँग आफ्नो परिवारलाई
सिटी एक्सप्रेस मार्फत पैसा पठाउनुहोस्
#Cityपठाऔं
+977 1 5970224/5970225 | Toll Free No..: 16600 11 12 13
www.ctxpress.com
ctxpressmt
cityexpressmt
cityexpressmt




रकम पठाउन तथा पाउनका
लगि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

Prabhu Money Transfer
प्रभुको इच्छा



चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# यसभित्र



आवरण

८

## बजेट : न उत्साह, न निराशा
## चासो उद्यम र रोजगारीको

सरकारले आगामी आर्थिक वर्षका लागि बजेट सार्वजनिक गरिसकेको छ । अर्थमन्त्री वर्षमान पुनले हालसम्मकै ठूलो आकारको १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट प्रस्तुत गरिसकेका छन् । बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता, आर्थिक सुधारका पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्रका कार्यक्रम प्रस्तुत छन् । बजेटप्रति अर्थविद् तथा प्रतिपक्षी दलहरूले नयाँ कार्यक्रम केही नभएको र कार्यान्वयन चुनौतीपूर्ण रहेको औंल्याएका छन् । बजेटले प्रत्येक नागरिकको चुलोसम्म अर्थ राख्ने भएपनि न उत्साह थपेको छ न निराशा नै । रोजगार, उद्यमशिलता, सीप र वैदेशिक रोजगारसम्बन्धी बजेटको चिरफारसहित आवरण रिपोर्ट तयार गरेका छौं ।




१३ रोजगारदाता र रोजगारी खोजिरहेकालाई जोड्न **‘श्रमाधान रोजगार मेला’**



१७ लोकतान्त्रिक वैदेशिक रोजगार **व्यवसायी एशोसिएसनमा थापा**



२१ पर्थमा श्रम गर्दै सम्मानका साथ **जमेका भैरव ढकाल**



३२
**चौतारी**
बिजुलीको **लिला**
**युवराज नयाँघरे**



३४
**अनुभूति**
**आफ्नै मनले आफ्नो** उद्धार गरौं
**शम्भु सुस्केरा**



१८
**जनजीवन**
सुकर्मी **बाबु**
● **बिन्दु अधिकारी ढकाल**

३६ **मनोरञ्जन**
नेपालको पहिलो **चारु**



# सम्पादकीय

# कतारबाट अब **लिन सक्नुपर्छ**

'आजसम्म खाडी मुलुक कतारमा हामीले पसिना र श्रम दियौ, अब नेपालले कतारबाट प्रतिफलसहित फाइदा लिन सक्नुपर्छ' कतारबारे जानकार प्रोफेसर मोहम्मद रम्जान अलि मियाले आफ्नो पुस्तक 'मैले देखेको कतार'मा यो भाष्य उल्लेख गरेका छन्। विश्वकै सबैभन्दा बढी प्रतिव्यक्ति आम्दानी भएको धनी देश कतारमा लाखौ नेपालीको पसिना सिंचित भएको छ। नेपालीहरूको प्रमुख रोजगार गन्तव्य रहेको देश कतारमा चार लाखभन्दा बढि नेपाली अहिले पनि कार्यरत रहेका छन्। आधुनिक कतार निमार्णमा नेपालीहरूको योगदान उल्लेख्य रहेको छ।

भर्खरै कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी पहिलो पटक दुईदिने नेपाल भ्रमण सकेर स्वदेश फर्किए। राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल आएका कतारी राजाको भ्रमणलाई सरकारले मात्र नभएर आम नेपालीले अन्तरमनले स्वागत गरे। नेपाल सरकारले कतारका राजाको सम्मानमा एक दिन सार्वजनिक बिदा दिएर स्वागत गऱ्यो। नेपालीलाई रोजगारी दिइरहेको देशका राजा आफ्नो देशमा आउँदा धेरैमा खुशी र हर्ष मिसिएको थियो। कतारका राजा र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबीचको द्विपक्षीय छलफल पश्चात विभिन्न ८ वटा सम्झौता तथा समझदारीमा हस्ताक्षर भए। तर, यी सम्झौता तथा समझदारीले श्रमिकको आवाजलाई समेट्न सकेन।

कतारी राजा नेपाल आउने भन्ने वित्तिकै कतारमा कार्यरत नेपाली र नेपालबाट जाने कामदारको विषयमा ठोस छलफल होला र खुसीको रिजल्ट आउला भन्ने अपेक्षा धेरैको थियो। तर परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेका सम्झौता र समझदारीका बूँदा हेर्ने हो भने नेपालको प्रमुख श्रम गन्तव्य कतारका राष्ट्रप्रमुखको नेपाल भ्रमण ठोस उपलब्धि मूलक देखिँदैन। रेमिट्यान्समार्फत देश धानिरहेको नेपालका करिब चार लाख श्रमिक कतारमा कार्यरत रहदा पनि श्रमिक सम्बन्धी मुद्दा बाहिर आएन। कतारी राजा आउँदा भएका सम्झौतामा श्रमिकसम्बन्धी कुनै पनि बूँदा नअटाउँदा धेरैको अपेक्षामा ठेस लागेको छ।

प्रधानमन्त्री प्रचण्डले द्विपक्षीय वार्ताका क्रममा श्रमिकको सुरक्षाबारे चासोका साथै दक्ष तथा अर्धदक्ष श्रमिक पठाउन तालिम र सीप कद्र बनाउन सहयोगका लागि आग्रह गर्नु पर्ने थियो। श्रम समझदारीमा नविकरणसहित हस्ताक्षर हुनु पर्ने थियो। श्रमिकका अधिकारका लागि केही नयाँ विषय आउने धेरैको अपेक्षा थियो, त्यो देखिएन। विश्वकै धनी देश कतारले अन्य देशलाई धेरै सहयोग गरिरहेको छ। नेपालको विकासमा कतारले चाहने हो भने धेरै सहयोग गर्न सक्ने निश्चित छ। कतारी अमिरको भ्रमणमा नेपाल सरकारले पर्याप्त तयारी गर्न नसकेको स्पष्ट देखियो। सरकार आन्तरिक राजनीतिमा अलमलिँदा कतारी राजा समक्ष राख्ने विषयबस्तु र ठोस एजेन्डामा तयारी गर्न सकेन। राम्रो तयारी पुगेको भए कतारले सडक, रंगशाला, शिक्षा तथा स्वास्थ्यमा ठुलो सहयोग गर्न सक्थ्यो, तर केही भएन। हातमा नै आएको ठोस उपलब्धिको अवसरमा नेपाल चुकेको हो त, प्रश्न उठिरहेको छ।

अर्कोतर्फ कतारका राजालाई नेपालको कुनै पनि पर्यटकीय क्षेत्रको भ्रमण गराइएन। उनी विमानस्थलबाट सितल निवास, सोल्टी होटल, द्वारिका होटल हुदै फर्किए। कतारी राजालाई पहिला नै तयारी गरेर माउण्टेन फ्लाइट गराउन सकिन्थ्यो, केही पर्यटकीय क्षेत्रको भ्रमण गराउन सकिन्थ्यो, केही भएन। कतारी राजालाई नेपालको सुखानुभूति दिलाएर उनको मन जित्न सक्नु पर्ने थियो।

यद्यपी मध्यपुर्व बाटै यो पहिलो राष्ट्राध्यक्षको नेपाल भ्रमण हो। जसले नेपालमा मध्यपुर्व एवं अरब मुलुकहरूका उच्च व्यक्तित्वलाई नेपाल भ्रमणका लागि सकारात्मक सन्देश दिएको छ। लाखौ नेपालीलाई कतारले सवल र सक्षम बनायो अब दुई देशबीच श्रम कुटनीति तथा आर्थिक र परस्पर सम्बन्ध स्थापना गरेर फाइदा लिन सक्नुपर्छ। अब कतारबाट नेपालले लिन सक्नु पर्छ। अब ढिला गर्न हुँदैन।


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHA RA ROJGAR

• वर्ष १३ • अंक ११ • २०८१ जेठ

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**प्रबन्ध निर्देशक/सम्पादक**
उद्धव भट्टराई

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह–सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com







# पाठक पत्र

## फाइदा लिन चुकेको नेपाल

कतारी राजाको नेपाल भ्रमण ऐतिहासिक उपलब्धी हो, उनको भ्रमण हुदा नेपालले जति फाइदा लिन सक्थ्यो त्योबाट भने नेपाल चुकेकै हो । यस क्रममा दुवै मुलुकबीच केही समझदारी र सम्झौता भए पनि ति औपचारिकता निभाउने विषय भन्दा माथिका हुनै सकेनन् । विशेषगरी मध्यपु र्व एसियाको उदाउदो मुलुक कतारबाट व्यापार-व्यवसाय, लगानी प्रवर्द्धन, पर्यटन तथा विकास निर्माणमा जेजस्तो सहयोग लिन सकिन्थ्यो त्यसमा नेपाल ठोसरुपमा प्रस्तुत हुनै सकेन । तथापी भोलीका दिनमा कुटनैतिक सम्वन्धका माध्यमबाट यस्ता प्रयास भने जारी रहोस् भन्न चाहन्छु ।

*- राजन खतिवडा, काठमाडौं*

नेपालको प्रमुख श्रम गन्तव्य कतारका राजा नेपाल आएको मौकामा नेपाली पक्षले श्रमको विषयलाई प्राथमिकताका साथ उठाउन नसक्नु दुर्भाग्यपूर्ण हो । यदी नेपालले यो विषय उठाउन सकेको भए कतारमा रहेका नेपालीको सेवासुविधा तथा अवस्था अझ राम्रो बनाउन सकिने थियो । आगामी दिनका कतारका आकर्षक रोजगारी क्षेत्रमा नेपालीहरूको अवसर बृद्धिमा पनि पहल पुग्न सक्थ्यो । यस्ता विषयमा त सरकारले बेलैमा सोच पुऱ्याउनुपर्ने होइन र?

*- किशोर पन्थी, पोखरा*

## लगानी सम्मेलन कर्मकाण्डी मात्रै



काठमाडौंमा सम्पन्न तेस्रो लगानी सम्मेलन उत्साहजनक भएको भनेर सरकारले प्रचार गरेपनि यो विगतको जस्तै कर्मकाण्डी र झारा टार्ने मात्र भए जस्तो लाग्छ । ५५ देशका लगानीकर्ताहरू सहभागी सम्मेलनमा ९ अर्बको लगानी स्वीकृत हुनु र १६ अर्ब बराबरको प्रतिवद्धता आउनु खासै उत्साहजनक हो जस्तो लाग्दैन । त्यही माथि यसअघि सम्पन्न सम्मेलनमा भएका प्रतिवद्धताको थोरै हिस्सा पनि लगानी नभित्रनुले यसरी सम्मेलन मात्र गर्नुको साटो स्पष्ट लगानीको योजना पस्केर लगानीकर्ता आउने वातावरण चाहि बनाउने हो की !

*- शंकर बस्ताकोटी, कतार*

## हिम्मतवाली हुनैपर्छ

अर्थ र रोजगार पत्रिकाको बैशाख अंकमा बिन्दु अधिकारी ढकालको 'हिम्मतवााली छोरी' लेख पढदा धेरै खुसी लाग्यो र धेरैले यसबाट प्रेरणा पनि लिन सक्छन जस्तो लाग्यो । हातमा सीप भए जे गरेर पनि जिविका चलाउन सकिन्छ र हिम्मत भए सधै काम मात्र होइन एकदिन आफै व्यवसाय पनि संचालन गर्न सकिन्छ भनेर लेखमा उल्लेख रिता खडकाको जिवन संघर्ष पढदा प्रष्ट हुन्छ । अनमी र फार्मेसी पढेकी खडकाले मेडिकलमा काम सुरु गरेर अन्ततः आफै मेडिकल संचालन गर्न सफल भइन् । वास्तवमै सीपयुक्त र हिम्मतवाली हुने हो भने धेरै छोरी मान्छेहरू यसरी नै आत्मनिर्भर हुन सक्छन् ।

*- विमल खड्का, मलेसिया*



## गजल

### मजदुर



● नवीन घिमिरे

निभ्ला कि नबल्दै व्यर्थको शंका
हावाले नै लिन्छ दियोको चिन्ता

कुन साइत कुर्दै छ पत्थर?
हतारमा छ चर्केको सिसा

मुहार के मुहार नै रहला?
ऐना जो अब रहेन ऐना

यही पीरमा निद हराएछ
परेली डिलमै छन् सपना

आमा अझै लोरी सुनाउँछिन्
खेल्ने मुडमा छ हुर्केको बच्चा ।

## जहाँ गएपनि जागिर कै चिन्ता

देशमा रोजिरोटीको जोहो गर्न नसकेकै कारण धेरै नेपाली युवाहरू विदेशिनुपरेको यर्थाथ सबैमाझ छर्लङ्ग छ । विदेश पनि त्यती सहज त कहाँ छ र? जागिर के होला की भन्ने चिन्ता उता पनि छ ।

केही समय अघि खाडी मुलुक युएईमा अपत्यारीलो बाढी आएको थियो, सोही प्रसङ्ग उल्लेख भएको युवराज नयाँघरेको 'बाढीमा बजरंग' लेखको अन्तिममा उल्लेख भएको -'हेर्दाहेर्दै घरसहितका सबै उँटहरू पानीमा बगे । उसले हात जोडेर भन्यो अब मेरो जागिर के होला? बजरंग बलिलाई आफु बगेर उँट बचेको भए हुन्थ्यो भन्ने लागिरह्यो'ले मनै च्वास्स बनायो ।

*- आदित्य मिजार, विराटनगर*



# बजेट
## न उत्साह, न निराशा !
### चासो उद्यम र रोजगारीको

• अर्थ र रोजगार

नेपालको संविधानले प्रत्येक वर्षको जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्षको अनुमानित आयव्ययको विवरणसहितको नयाँ बजेट ल्याउनु पर्ने प्रावधान गरेकोमा त्यसलाई अनुशरण गर्दै अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गरेका छन् ।

नयाँ संविधान बन्नुअघि असार महिनाको अन्तिममा मात्रै बजेट सार्वजनिक गरिन्थ्यो तर बजेट संसद्बाट पारित गर्न ढिलाई हुँदा सरकारको दैनिक खर्च प्रभावित भएको भन्दै संविधानमै बजेट पेस गर्ने मिति तय गरिएपछि त्यसयता जेठ १५ गते बजेट प्रस्तुत गर्न थालिएको हो ।

अर्थमन्त्री पुनले संघीय संसदको दुवै सदनको सयुक्त बैठकमा आगामी आर्थिक बर्षको लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट प्रस्तुत गरेका छन् । यो हालसम्मकै ठूलो आकारको बजेट हो ।

आगामी बर्षको बजेटमा चालूतर्फ ११ खर्ब ४० अर्ब ६६ करोड (६१.३१ प्रतिशत), पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड (१८.९४ प्रतिशत) र वित्तीय व्यवस्थापनतर्फ ३ खर्ब ६७ अर्ब १८ करोड (१९.७४ प्रतिशत) विनियोजन गरिएको छ । कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण तर्फ रु. ४ खर्ब ८ अर्ब ८७ करोड विनियोजन रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमानित खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट १२ खर्ब ६० अर्ब ३०

# नयाँ चरणको **आर्थिक सुधारलाई प्राथमिकता** दिएका छौं



**वर्षमान पुन**, अर्थमन्त्री

नयाँ चरणको आर्थिक सुधारलाई ध्यानमा राख्दै आगामी आर्थिक वर्षको बजेट ल्याएका छौ । अब नयाँ चरणको आर्थिक सुधारमार्फत मात्रै हामी देशलाई गति दिन सक्छौ भन्ने निष्कर्षमा पुगेर त्यसै अनुसार बजेट प्रस्तुत गरिएको छ । नयाँ चरणको आर्थिक सुधारका लागि उच्चस्तरीय आयोग नै गठन गरेर जनतासँग, विज्ञहरूसँग लामो अन्तरक्रिया गरेर एउटा रोडम्याप प्रस्तुत गर्न सकियोस् भन्ने कुरा सुरुमा नै प्रस्ताव गरेका छौ ।

हामीले हाम्रो भौगोलिक अर्थतन्त्रमा सुहाउँदो अर्थनीति, आफ्नो अवस्थिति, जनशक्तिअनुसार जनताका क्षमताअनुसारका र छिमेकमा कस्तो अर्थतन्त्र विकास भइरहेको छ । हाम्रो भौगोलिक अवस्थितिले केमा प्रतिस्पर्धी हुन सक्छ त्यो कुरा पनि समेट्ने कोसिस गरेका छौं ।

> अर्थमन्त्री पुनले बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता, आर्थिक सुधारका पाँच रणनीति र पाँच रुपान्तरणकारी क्षेत्रका कार्यक्रम प्रस्तुत गरेका छन्।

करोड, आन्तरिक ऋणबाट ३ खर्ब ३० अर्ब, वैदेशिक ऋणबाट २ खर्ब १७ अर्ब ६७ करोड र वैदेशिक अनुदानबाट ५२ अर्ब ३३ करोड गरी जुटाइने अर्थमन्त्री पुनले जनाएका छन् ।

अर्थमन्त्री पुनले आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष घोषणा गर्दैछ । बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौं योजनाको समिक्षा, सोह्रौं योजनाको सोंच, गणतन्त्रका डेढ दशकको उपलब्धिको समीक्षा, सम्मानित सदनमा पेश गरिएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता तथा त्यसमाथि  संसद बैठकमा प्राप्त सुझाव एवं नेपाल सरकारको नीति तथा कार्यक्रमलाई प्रमुख आधार बनाएको औल्याएका छन् ।

सन् २०२६ मा विकासोन्मुख राष्ट्मा स्तरोन्नति भए पश्चात लिनुपर्ने रणनीति, सन् २०३० भित्र दिगो विकास लक्ष्य हाँसिल गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता र मध्यम आय भएको राष्ट्को स्तरमा पुग्ने राष्ट्रिय लक्ष्यलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षमा आर्थिक सुधारलाई तीव्रता दिइने अर्थमन्त्री पुनको भनाई छ ।

चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्दै अर्थमन्त्री पुनले आर्थिक क्रियाकलापमा अपेक्षित विस्तार हुन नसकेकाले चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर उत्पादकको मूल्यमा ३.९ प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान रहेको बताए ।

चालु आर्थिक वर्षको चैत महिनामा औसत मूल्य वृद्धि ४.६ प्रतिशतमा सीमित रहेको, आयात २.८ प्रतिशतले र निर्यात ३.७  प्रतिशतले घटेको, शोधनान्तर स्थिति रु. ३ खर्ब ६५ अर्बले बचतमा रहेको, विदेशी मुद्राको सञ्चिति १२.५ महिनाको वस्तु र सेवा आयात धान्न पर्याप्त रहेको तथा विप्रेषणको वृद्धिदर १९.८ प्रतिशत रहेको अर्थमन्त्री पुनले बताए ।

अर्थमन्त्री पुनले बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता, आर्थिक सुधारका पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्रका कार्यक्रम प्रस्तुत गरेका छन् ।

बजेटका पाँच उद्देश्यमा उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु, निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि गर्नु र आर्थिक क्रियाकलापमा तीव्रता ल्याउनु, मानव संसाधन विकास गर्नु, स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु उल्लेख गरिएको छ ।

यस्तै बजेटका पाँच प्राथमिकतामा आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास, समावेशिता र सामाजिक सुरक्षा र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार रहेका छन ।

आर्थिक सुधारका पाँच रणनीति अन्तर्गत संरचनागत सुधार, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणाली सुधार, वित्तीय क्षेत्र सुधार र सार्वजनिक प्रशासनमा सुधार उल्लेख गरिएको छ भने बजेटका पाँच रूपान्तरणकारी क्षेत्रहरूमा कृषि क्षेत्र रूपान्तरण, ऊर्जा क्षेत्र विकास, सूचना प्रविधि विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता तथा औद्योगिक विकास रहेको अर्थमन्त्री पुनले औल्याएका छन् ।

आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना २०८१ असार मसान्तभित्र र आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका २०८१ साउन मसान्तभित्र तयार गरिसक्नुपर्ने बताउदै अर्थमन्त्री पुनले भने -'यो बजेटको कार्यान्वयनबाट आर्थिक गतिविधिमा तीव्रता आउने र उत्पादन वृद्धि तथा रोजगार सिर्जना हुन गई दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल हुने विश्वास लिएको छु ।'

'बजेटमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आगामी आर्थिक वर्ष ६ प्रतिशत आर्थिक वृद्धि हाँसिल हुने तथा मुद्रास्फीति ५.५ प्रतिशत रहने अनुमान गरेको





> वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजी मार्फत उद्यमशीलता प्रवर्द्धन गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई स्वरोजगार बनाइने तथा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिना धितो ऋण उपलब्ध गराइने व्यवस्था बजेटले गरेको छ।

छु' अर्थमन्त्री पुनले भने -'बजेटमा उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनमा सघाउ पुग्ने गरी नेपाल राष्ट्र बैंकबाट मौद्रिक नीति तर्जुमा हुनेछ, आर्थिक तथा सामाजिक क्षेत्रमा देखिएका चुनौति सामना गर्दै आम नागरिकमा आत्मविश्वास तथा आशा जगाउने र अर्थतन्त्रलाई गतिशील बनाउने उद्देश्य राखी तर्जुमा गरिएको यो बजेट कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।'

आगामी आर्थिक वर्षका लागि पेश भएको बजेटप्रति टिप्पणी गर्दै प्रतिपक्षी दलहरूले नयाँ कार्यक्रम केही नभएको र कार्यान्वयन चुनौतीपूर्ण रहेको बताएका छन भने नीजि क्षेत्रले भने बजेट सकारात्मक भएको प्रतिक्रिया दिएको छ ।

बजेटप्रति अर्थविद् तथा जानकारहरूले मिश्रित प्रतिक्रिया दिएका छन् । पूर्व मुख्यसचिव डा. विमल कोइरालाले बजेट एकदमै राम्रो आओस् र प्रशंसा गर्न पाइयोस् भनेपनि सोचेजस्तो नआएको बताएका छन् । बजेट साढे १७ देखि १८ खर्बभन्दा माथि जान नहुने उनको भनाइ थियो । अहिले आएको बजेटका आधारमा सार्वजनिक खर्च व्यवस्थापन गर्न नसकिने र वित्त सन्तुलनमा प्रतिकूल प्रभाव पर्ने आफ्नो आँकलन रहेको कोइरालाको धारणा छ ।

त्यस्तै अर्थविद् डिल्लीराज खनालले निरन्तरता र नयाँपनको अन्तर्विरोधबाट बजेट आएको टिप्पणी गरेका छन् । बजेटले भरोसा र विश्वास जगाएर लक्ष्य पूरा गर्न नसक्ने भन्दै उनले नेपालको अवस्था, स्थिति र सामर्थ्यका आधारमा अहिलेको बजेट यथार्थभन्दा टाढा रहेको औल्याएका छन् । राजस्व कम अनुमान गरे पनि स्रोत सुनिश्चिता नहुँदा उठ्छ कि उठ्दैन भन्ने प्रश्नचिन्ह कायमै रहेको उनको भनाइ छ ।

यता अर्थविद् डा. चन्द्रमणि अधिकारी बजेटको उद्देश्य र प्राथमिकता हेर्दा विमति राख्नुपर्ने केही कुरा नरहेको बताउँछन् । तथापी अर्थतन्त्रको सूचक, उत्पादन, उपभोग, खर्च र आयको स्तर सबै संकुचनमा रहेको भन्दै लक्ष्य अनुसारको राजश्व उठ्नसमेत गाह्रो रहेको उनको तर्क छ । नेपालमा वि.सं २००८ सालदेखि बजेट सार्वजनिक गर्ने प्रचलन भएको हो । तत्कालिन अर्थमन्त्री सुवर्णशमशेर राणाले नेपालको पहिलो बजेट ल्याएका थिए । तत्कालीन अर्थमन्त्री राणाले संसदमा ५ करोड २५ लाख २९ हजार रूपैयाँको बजेट प्रस्तुत गरेका थिए ।

### उद्यममा युवा सहभागिता बढाउन स्टार्टअपमा जोड

उद्यममा युवा सहभागिता बढाउन स्टार्टअप र नवप्रवर्तनका लागि इकोसिस्टम विकास गरी उद्यमशील वातावरण सिर्जना गरिने बजेटमा उल्लेख छ । स्टार्टअप उद्यमीलाई सहजीकरण र नियमन गर्न स्टार्टअप बोर्ड गठन गरिने र स्टार्टअप उद्यमीको वित्तीय आवश्यकता सम्बोधन गर्न १ अर्बको नेपाल स्टार्टअप कोष खडा गर्ने अर्थमन्त्री पुनले उल्लेख गरेका छन् ।

युवाको उद्यमशील सोचलाई व्यवसायमा रूपान्तरण गर्न प्रत्येक प्रदेशमा बिजिनेस इन्क्युवेसन सेण्टर सञ्चालन गरिने, बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गरिने, विभिन्न कोषको रकम प्राइभेट इक्विटी फण्ड र भेञ्चर क्यापिटल फण्डका धितोपत्र एकाइमा लगानी गर्ने व्यवस्था मिलाइने विषयलाई बजेटले समेटेको छ ।

महिला उद्यमीद्वारा उत्पादित वस्तु तथा सेवाको प्रवर्द्धनका लागि सार्वजनिक-निजी साझेदारीमा काठमाडौंको चोभारमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गरिने, बजारको मागअनुसार उत्पादक क्षेत्रको संलग्नतामा कार्यस्थलमा आधारित अप्रेन्टिशीप कार्यक्रम सञ्चालन गरी सीप र रोजगारीलाई आवद्ध गरिने बजेटमा उल्लेख छ । औद्योगिक विकास र उद्यमशीलता प्रवर्द्धनका लागि बजेटमा रु.६ अर्ब ५५ करोड विनियोजन गरिएको छ ।

### प्रधानमन्त्री रोजगार कार्यक्रमको निरन्तरता, रोजगार बैंक स्थापना

सरकारले विगतदेखि कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आगामी आर्थिक वर्ष पनि निरन्तरता दिने भएको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहमा सूचीकृत बेरोजगारलाई सार्वजनिक निर्माण तथा मर्मत सम्भार आयोजनाका काममा सहभागी गराई करिब दुई लाख व्यक्तिलाई न्यूनतम सय दिनको रोजगारी प्रदान गरिने बजेटमा उल्लेख छ । यस कार्यक्रमका लागि बजेटमा रु. ६ अर्ब विनियोजन गरिएको छ ।



**राजेश अग्रवाल,**
अध्यक्ष, नेपाल उद्योग परिसंघ

# बजेट सन्तुलित छ

बजेट सन्तुलित हिसावले आएको छ । राजश्वको टार्गेट धेरै ठुलो नराखिएकाले निजी क्षेत्रमाथि राजश्वको प्रेसर पर्दैन भन्ने हामीले बुझेका छौ । जुन आर्थिक सुधारको वर्ष घोषणा गरिएको छ, त्यो एकदम आवश्यक थियो । यसको साथै दोश्रो चरणको आर्थिक सुधारका लागि पनि आयोग नै बनाएर काम सुरु गर्ने भनिएको छ यो एकदम सकारात्मक छ ।

श्रम शक्तिलाई दक्ष र व्यवसायिक बनाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गरिने विषय बजेटमा उल्लेख गरिएको छ । यस्तै रोजगार बैंकको स्थापना गरी रोजगारी सम्बन्धी सूचनाको एकीकृत अभिलेख तयार गर्ने, श्रम बजारमा उपलब्ध रोजगारीको अवसर तथा जनशक्तिको माग र आपूर्तिलाई स्वचालित प्रणालीमा आवद्ध गर्ने तथा श्रम र रोजगारीसम्बन्धी सेवा प्रवाह र गुनासो सम्बोधनका लागि श्रमाधान कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

एकीकृत सामाजिक सुरक्षाको अवधारणा अनुरुप सामाजिक सुरक्षा कोष र स्वास्थ्य बीमा कार्यक्रमबीच अन्तरआबद्धता कायम गरी कोषमा आबद्ध योगदानकर्ताको स्वास्थ्य बीमा सामाजिक सुरक्षाकोष मार्फत हुने व्यवस्था मिलाइने तथा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिने बजेटमा उल्लेख छ ।

## वैदेशिक रोजगारीमा छैन नयाँ कार्यक्रम, रिटर्नीलाई स्वरोजगार

आगामी आर्थिक वर्षको बजेटमा वैदेशिक रोजगारीको विषयमा विगत झै सतहीरुममा मात्र समेटिएको छ । २० लाखभन्दा बढि नेपाली वैदेशिक रोजगारमा रहेको र दैनिक एक हजार पाँचसय भन्दा बढि वैदेशिक रोजगारमा नेपाली युवा उडिरहेको अवस्थालाई बजेटले खासै वास्ता गरेको देखिदैन ।

वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्न कूटनीतिक नियोगलाई प्रभावकारी रूपमा परिचालन गरिने, गन्तव्य मुलुकमा अलेखबद्ध श्रमिकको दर्ता गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

आगामी आर्थिक वर्ष थप तीन प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गरिने, वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सीपयुक्त बनाइने, अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने, श्रमिकका आश्रित परिवारलाई कल्याणकारी कोषबाट प्रदान हुने लाभको दायरा विस्तार गरिने तथा यससम्बन्धी सेवा स्थानीय तहबाट प्रवाह हुने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ ।

यस्तै वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुंजी मार्फत उद्यमशीलता प्रवर्द्धन गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई स्वरोजगार बनाइने तथा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिना धितो ऋण उपलब्ध गराइने व्यवस्था बजेटले गरेको छ ।

विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सोभरेन वेल्थ फण्ड स्थापना गरिने र यो कोषलाई सार्वजनिक पूर्वाधार लगानीको परिपूरकको रूपमा स्पेशल पर्पस भेहिकल मार्फत उपयोग गरिने पनि बजेटमा उल्लेख छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि रु. ८ अर्ब १० करोड बजेट विनियोजन भएको छ जुन गत वर्षको भन्दा २ करोडले कम हो । देशको अर्थतन्त्र चलायमान बनाउने नेपालीहरू बाहिर पठाउने र उनीहरूको पक्षमा काम गर्ने मात्र नभएर स्वदेशमा रोजगार सृजना गर्ने मन्त्रालयलाई सरकारले प्राथमिकतामा नराखेको मन्त्रालयका कर्मचारीहरू बताउने गर्दछन् ।



## सीपयुक्त जनशक्ति उत्पादनमा जोड

आगामी आर्थिक बर्षको बजेटमा रोजगारमूलक व्यावसायिक सीप प्रदान गर्न तालिम प्रतिष्ठानलाई अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय तालिम केन्द्रको रूपमा विकास गरी आगामी आर्थिक वर्ष प्रत्येक प्रदेशमा कम्तीमा एक हजार युवालाई सीपमूलक तालिम प्रदान गर्न रु. ४३ करोड विनियोजन गरिएको छ ।

यस्तै शिक्षामा गुणात्मक सुधार गर्दै सीपमूलक र प्राविधिक शिक्षा विस्तार गरी रोजगारीको अवसर सिर्जना गरिने तथा उच्च शिक्षालाई अनुसन्धानमूलक, नवप्रवर्तनमुखी र व्यावसायिक बनाइने बजेटमा उल्लेख छ ।

स्टार्टअप उद्यमीसँगको सहकार्यमा विद्यालयको पूर्वाधार प्रयोग गरी १२ कक्षा उतीर्ण विद्यार्थीलाई सीप र रोजगारीमा आवद्ध गरिने, इण्डष्ट्रि-एकेडेमिया इन्टरफेस आयोजना गरी व्यवसायिक सीपलाई श्रम बजारसँग आवद्ध गर्दै लगिने र उद्यमशीलता प्रवर्द्धन गर्न त्रिभुवन विश्वविद्यालय, निजी क्षेत्र र स्थानीय तहसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

उच्च माग तथा पारिश्रमिक भएका क्षेत्र पहिचान गरी सीपयुक्त प्राविधिक जनशक्ति उत्पादन गरिने र यसका लागि रु .१ अर्ब ५९ करोड विनियोजन गरिएको छ । साथै चिकित्सा शिक्षा, कृषि, इञ्जिनियरिङ, सूचना प्रविधि लगायतका उच्च शिक्षा अध्ययनका लागि सहुलियपूर्ण शैक्षिक कर्जा उपलब्ध गराउने व्यवस्था बजेटमा मिलाइएको छ ।

युवालाई विभिन्न सार्वजनिक निकाय र निजी क्षेत्रसँगको सहकार्यमा उद्योग, व्यवसाय, कृषि तथा पशुपन्छी फर्म, होटल, पर्यटन, निर्माण क्षेत्र लगायतमा कार्यस्थल तालिम प्रदान गरी कम्तिमा एक लाख युवालाई रोजगारी सुनिश्चित गरिने जनाइदै यस कार्यक्रमका लागि रु. ३ अर्ब विनियोजन गरिएको छ ।

यस्तै स्वास्थ्य, शिक्षा, पर्यटन, कृषि, सूचना प्रविधि क्षेत्रका एक हजार युवालाई

फेलोसीप प्रदान गरिने, युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुऱ्याइने बजेटमा उल्लेख छ भने प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रममार्फत छोरीलाई रोजगारोन्मुख शिक्षा र सीप प्रदान गर्न तथा उद्यमशीलता विकास गर्न रु. १० करोड तथा दलित समुदायको रैथाने सीप, ज्ञान, पेशाको आधुनिकीकरण गरी रोजगारी सिर्जना र जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्न रु. २० करोड विनियोजन गरिएको छ ।

**गैरआवासीय नेपाली अभियान संचालन गरिने**

विदेशको आम्दानी स्वदेशमा लगानी गर्न प्रोत्साहन गर्नेगरी गैरआवासीय नेपालीको पुँजी, प्रविधि र सीपलाई मातृभूमिसँग जोड्न जन्मस्थलमा गैरआवासीय नेपाली अभियान सञ्चालन गरिने बजेटमा उल्लेख गरिएको छ । यस्तै गैरआवासीय नेपालीद्धारा स्थापित एनआरएन डेभेलपमेन्ट फण्डको उपयोग र लगानीका थप अवसर प्रवर्द्धन गर्न सहजीकरण गरिने जनाउदै सरकारले गैरआवासीय नेपालीका सन्ततिलाई नेपालको भूगोल, कला र संस्कृतिसँग परिचित हुन पुर्ख्यौली थलोमा भ्रमण गर्न आह्वान गरेका छन् ।

एनआरएनए अभियन्ताहरूले सरकारले बजेटमा नै एनआरएनएलाई जन्मभूमीमा जोड्नका लागि अभियान चलाउनु आफैमा सकारात्मक कदम भएको प्रतिक्रिया दिएका छन् । एनआरएनएको अभियानले पनि जन्मभूमीलाई जोड्ने र सम्बन्ध राखिरहनेमा जोड दिएकाले बजेटमै यो व्यवस्था गरिदा एनआरएनहरूलाई थप उत्साहित बनाएको उनीहरूको तर्क छ ।

## बजेट यथार्थपरक आए पनि **कार्यान्वयनमा चुनौती**



**कमलेशकुमार अग्रवाल,**
अध्यक्ष, नेपाल चेम्बर अफ कर्मश

आगामी आर्थिक वर्षको बजेट यथार्थपरक र संयमित आए पनि कार्यान्वयन चुनौतीपूर्ण छ । यद्यपी आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष घोषणा गरिनु सकारात्मक रहेको छ ।

राजश्व संकलनको लक्ष्य वर्तमान आर्थिक शिथिलताको अवस्थामा चुनौतीपूर्ण देखिन्छ । कुल बजेटको झण्डै ३० प्रतिशत आन्तरिक ऋण उठाउने लक्ष्यले बजारमा तरलताको अभाव हुन गई दिर्घकालमा अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

कृषि, पर्यटन, ऊर्जा, सुचनाप्रविधि र उत्पादनमुलक क्षेत्रमा बजेट केन्द्रीत हुनु सकारात्मक छ । आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न तथा उत्पादनलाई रोजगारीसँग आवद्ध गराउने कार्यक्रमहरू आउनु राम्रो पक्ष हो । यस्तै वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप पुँजी र प्रविधीमार्फत उद्यमशिलता प्रवर्द्धन गरी स्वरोजगार बनाउने विषय बजेटमा उल्लेख गरिनु सकारात्मक छ ।






# रोजगारदाता र रोजगारी खोजिरहेकालाई जोड्न 'श्रमाधान रोजगार मेला'

## कोशी प्रदेशमा उद्घाटन, सबै प्रदेश हुँदै बाग्मतीमा समापन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा 'श्रमाधान रोजगार मेला' सुरु भएको छ। सातै प्रदेशमा आयोजना गरिएको श्रमाधान रोजगार मेला कोशी प्रदेशको विराटनगरबाट प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शुभारम्भ गरेका हुन।

मेलाको शुभारम्भ गर्दै प्रधानमन्त्री प्रचण्डले 'श्रमाधान रोजगार मेला' सरकारको अर्थपूर्ण कार्यक्रम भएको बताउँदै श्रम र रोजगारीसँग सम्बन्धित सम्पूर्ण अवसर र समस्याहरूलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्ने र नागरिकको रोजगारीको संवैधानिक हक प्रत्याभूत गर्न यसले विषेश भूमिका खेल्ने विश्वास व्यक्त गरे।

वैदेशिक रोजगारीबाट फर्किएकाहरू वा नेपालमै रहेका युवाहरूको श्रम, सीप र अनुभवको उपयोग गरी उद्यमशिलता विकास गर्न तथा रोजगारीको माग र आपूर्तिको विषयमा एकद्वार प्रणालीबाट काम गर्न सरकारले रोजगार बैंकको अवधारणा कार्यान्वयनमा ल्याउने बताए।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले श्रम मन्त्रालयले वैदेशिक रोजगारीमा पठाउने विषय मात्र हेर्छ भन्ने भाष्य चिर्दै स्वदेशमै भएका रोजगारीका क्षेत्र पहिचान गर्न पनि लागिपरेको छ भन्ने स्पष्ट पार्न मेला फलदायी हुने बताए। आगामी वर्षमा यसलाई अझै व्यवस्थित बनाउदै लैजाने मन्त्री अर्यालले बताए।

यस्तै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीको वातावरण बनाउन सकेमात्र रोजगारीका प्रशस्त अवसर सिर्जना हुने बताए। रोजगार मेला रोजगारदाता र रोजगारीको खोजीमा रहेका व्यक्तिको मिलनविन्दु हुने विश्वास लिएको ढकालले बताए।

रोजगारदाता र रोजगारीको खोजीमा रहेका नेपाली नागरिकबीच पुलको काम गर्नका लागि यही जेठ १७ देखि ३० गतेसम्म 'श्रमाधान रोजगार मेला' आयोजना गरिएको श्रम मन्त्रालयले जानकारी दिएको छ। मेलामा रोजगारीको खोजी गरिरहेका व्यक्ति, रोजगारदाता, तालिम प्रदायक संस्था तथा वैदेशिक रोजगारीसम्बन्धी सबै खालको जानकारी दिइने जनाइएको छ।

जेठ १७ गते कोशी प्रदेशबाट सुरू भएको यो मेला जेठ ३० गते बागमती प्रदेशमा समापन हुनेछ। विराटनगरपछि मधेश प्रदेशको जनकपुरमा जेठ १९ र २० गते, गण्डकी प्रदेशको पोखरामा जेठ २१ र २२ गते, लुम्बिनी प्रदेशको बुटवलमा जेठ २३ र २४ गते, कर्णाली प्रदेशको सुर्खेतमा जेठ २५ र २६ गते तथा सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २७ र २८ गते यो कार्यक्रम गरिएको छ। अन्तिम चरणको तथा समापन कार्यक्रम भने बागमतीको ललितपुरमा जेठ २९ र ३० गते भएको छ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ र होटेल संघ नेपाल मेलाको सहआयोजक छन्। मेलालाई अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र (सामी) र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुनः एकीकरण परियोजना (रेमी)ले सहयोग गरेका छन।

मेला सुरु हुनुअघि मन्त्रालयमा एक पत्रकार सम्मेलनको आयोजना गर्दै मन्त्री अर्यालले यस वर्ष प्रयासस्वरुप यो कार्यक्रम सुरुवात मात्र गरिएको बताउदै अर्को वर्षबाट संघीय सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारबाट बजेट नै छुट्याएर यस्ता कार्यक्रम गर्न सकिने बताए।

यस मेलाको उद्देश्य रोजगारी सिर्जना गर्ने नभई नेपालमा कति उद्योग तथा कम्पनीहरू दर्ता छन्, तीनमा रोजगारी खोजिरहेका नेपालीहरूको पहुँच कस्तो छ र उनीहरूलाई कसरी त्यहाँ जोडन सकिन्छ भन्ने वातावरण

बनाउनु रहेको मन्त्री अर्यालले बताए ।

'नेपालको परिप्रेक्षमा परिवारको एक जनाले रोजगारी गरेर सिंगो परिवार पाल्नुपर्ने अवस्था छ,' उनले भने, 'एक जना मान्छेले काम गरेर चार जना पालिनुपर्ने अवस्थामा श्रमको क्षेत्रमा यी आश्रित परिवारलाई पनि जोड्नका लागि र बुझाउनका लागि मेला उपयोगी हुने विश्वास छ ।'

अबको प्रयास भनेको सीपमूलक तालिम नै रहेको बताउदै मन्त्री अर्यालले केही न केही सीप सिकाउन सकियो भने देशमै रोजगारी गर्दा होस् या विदेश नै गएपनि फाइदा पुग्ने र जोखिम न्यूनिकरण हुने बताए ।

मेलाको बारे मन्त्रालय तथा श्रमाधान कल सेन्टरमार्फत जानकारी लिन सकिने बताउँदै मन्त्री अर्यालले रोजगारदाता कम्पनीहरू र रोजगारीको खोजिमा रहेका नेपाली युवाहरू जोडन सके मन्त्रालयको ड्रिम प्रोजेक्ट 'रोजगार




बैंक'को योजनाले मूर्तरुप लिने बताए ।

'जो कसैले पनि आफुलाई चाहिएको कर्मचारी रोजगार बैंकमा खोज्ने वित्तिकै पाउने, अनि रोजगारीको खोजीमा रहेका नागरिकले पनि कस्तो रोजगारी खोजेको हो त्यो पाउने गरी हामी ड्रिम प्रोजेक्टमा काम गर्न खोजिरहेका छौ ।'

१३ दिनसम्म चलेको श्रमधान रोजगार मेला सातै प्रदेशमा दुई-दुई दिन चलेको छ । मेलाले रोजगारदाताले कस्ता कामदार खोजिरहेका छन् र श्रमिकले कस्तो रोजगारी खोजिरहेको छ भन्ने विषयमा स्पष्ट पारेको छ ।

मेलामा विभिन्न विषयमा विषयविज्ञसँग अर्न्तक्रिया तथा छलफल भएका छन् । नीतिगत सुधारका लागि मेला सार्थक रहेको जनाइएको छ । नेपालमा कस्ता कस्ता रोजगारदाताहरू रहेछन् त्यसको जानकारी पाउने, विदेश जाँदा कस्तो तयारी गरी जानुपर्दो रहेछ, स्वदेशमा कस्ता कस्ता रोजगारीका सम्भावनाहरू रहेछन्, कस्तो सीप भयो भने तुरुन्त रोजगारी पाइने रहेछ भन्ने बृहत् सूचना यो मेलाले दिएको छ ।

**काठमाडौं, भक्तपुर र ललितपुरका जोन क्षेत्रमा तरकारी, आलु र दुध उत्पादन बढाउन व्यवसायिक र आधुनिक कृषिमा लगानी बढाऔं समृद्ध र समुनत समाजको विकास गरौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**

# भारतसँगको विद्युत सम्झौता कार्यान्वयनमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण : प्रधानमन्त्री

## उर्जा उत्पादकसँग दश वर्ष कर नलिने नीती ल्याउन इप्पानको आग्रह




प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालबाट १० वर्षमा १० हजार मेगावाट विद्युत निर्यात गर्नेगरी भारतसँग सम्झौता गरिसकिएकाले निजी क्षेत्रलाई ढुक्क भएर विद्युत उत्पादनमा लाग्न आग्रह गरेका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) को २२औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले निजी क्षेत्रलाई ढुक्क भएर उर्जा उत्पादनमा लाग्न सुझाएका हुन् ।

भारतसँगको विद्युत निर्यात गर्ने सम्झौता समृद्धिको यात्राका लागि ऐतिहासिक उपलब्धी हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीले भने, 'भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दीर्घकालीन सम्झौता गरेका छौं । भारतको प्रशारण लाइन हुँदै बङ्गलादेशसँग विद्युत् व्यापार गरिनेछ ।'

प्रधानमन्त्री दाहालले आफ्नो कार्यकालमा भारतसँग विद्युत व्यापारका लागि भएको ऐतिहासिक सम्झौता नेपालको जलविद्युत क्षेत्रको समृद्धिको यात्रा सङ्कल्प र अभियानका दृष्टिले समेत महत्वपूर्ण सफलता भएको बताए । बिजुली निर्यातको दीर्घकालीन सम्झौता ऊर्जा विकासका लागि कोशेढुङ्गा सावित हुनेमा आफू विश्वस्त रहेको बताउँदै प्रधानमन्त्रीले अर्को छिमेकी बङ्गलादेशले समेत नेपालको बिजुली खरिद गर्नेगरी छिट्टै सम्झौता गर्ने बताए ।

विद्युत् निर्यात सँगै स्वदेशभित्रै उत्पादित विद्युत् खपतका लागि समेत धेरै योजना र कार्यक्रम अघि बढाइरहेको दाहालले बताए । "देशको विकास र समृद्धिका निम्ति सबैभन्दा महत्वपूर्ण र सम्भावनायुक्त क्षेत्र विद्युत नै हो भन्ने स्पष्टताका साथ सरकारले काम गरिरहेको छ" प्रधानमन्त्रीले भने ।

तेस्रो लगानी सम्मेलन सफलतापूर्वक सम्पन्न भएको र यसले लगानी भित्र्याउनका लागि स्वदेशी, विदेशी लगानीकर्तामाझ सकारात्मक सन्देश प्रवाह भएको उल्लेख गर्दै प्रधानमन्त्रीले लगानी प्रवर्द्धनमा बाधक देखिएका ऐनहरू अध्यादेशमार्फत् संशोधन गरिएका कारण पनि अब लगानीका लागि दुविधा राख्नुपर्ने परिस्थितिको अन्त्य भएको निजी क्षेत्रलाई स्पष्ट पारे ।

उनले निजी क्षेत्रले उठाउँदै आएका कतिपय मागहरू सम्बोधन भएको र बाँकी मागहरूलाई समेत क्रमशः सम्बोधन गरिँदै जाने आस्वासन दिए । 'अब हाम्रो ध्यान नीति तथा कार्यक्रमअनुरूपको बजेट निर्माणमा छ' प्रधानमन्त्री दाहालले भने ।

यसैबीच इप्पानका अध्यक्ष गणेश कार्कीले आगामी दश वर्ष बजेटमार्फत उर्जा उत्पादकहरूलाई कर छुटको माग गरेका छन् । अध्यक्ष कार्कीले सरकारको २०३५ सम्ममा २८ हजार मेगावट विद्युत उत्पादन गर्ने लक्ष्य पूरा गर्न विदेशी लगानी भित्र्याउनुपर्ने आवश्यकता औंल्याउँदै सरकारसँग करमा दश वर्ष छुट गरिदिन माग गरे ।

'हामीलाई २०८२ सालसम्म उत्पादन हुने विद्युतको पहिलो दश वर्षको लागि ट्याक्स फ्रि थियो । त्यसपछि पछिल्लो पाँच वर्षको लागि पचास प्रतिशत कर छुट थियो । ०८२ सालमा त्यसको म्याद सकिँदै छ । हाम्रो लक्ष्य २०३५ सम्ममा २८ हजार मेगावट विद्युत उत्पादन गरिसक्नुपर्ने भएकाले ०९२/९३ सम्म बजेटमार्फत ट्याक्स छुटको म्याद बढाइदिए उर्जा क्षेत्रमा अझ धेरै लगानी ल्याउन सकिने छ' कार्कीले भने ।

साथै उनले धितोपत्र बोर्डले दुई अर्ब भन्दा माथिका कम्पनीहरूलाई विदेशी स्टक मार्केटमा सूचीकृत गर्ने नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिए । कार्कीले भने, 'आवासीय नेपालीहरूलाई पनि उर्जा क्षेत्रमा लगानी गर्न धितोपत्र बोर्ड मार्फत बजारमा आउने र दुई अर्ब भन्दा माथिका कम्पनीहरूलाई कम्तीमा विदेशी स्टक मार्केटमा सूचीकृत गर्न नीतिगत निर्णय भैदिए सजिलो हुनेछ ।'

यस्तै अध्यक्ष कार्कीले सरकारले छिटो उर्जा सुरक्षा नीति घोषणा गरेर लगानीकर्ताका लागि सुरक्षाको व्यवस्था मिलाउनुपर्नेमा जोड दिएका छन् । उनले आगामी १० वर्षलाई बजेटमार्फत उर्जा दशक घोषणा गर्न समेत सरकारसँग माग गरे ।



# रुसी सेनामा रहेका नेपाली फिर्ता ल्याउन सरकारले उच्चस्तरको पहल गर्ने



प्रधानमन्त्री पुष्पकमल दाहालले रुसी सेनामा आबद्ध नेपालीहरूलाई स्वदेश फिर्ता ल्याउन आफूले उच्चस्तरमा कूटनीतिक पहल गर्ने बताएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा रुसी सेनामा आबद्ध नेपालीको जीवन रक्षार्थ अभियानका सदस्यहरूसँग गरेको भेटका क्रममा प्रधानमन्त्री दाहालले रुसी सेनामा कार्यरत नेपालीको उद्धारका लागि सरकारले उच्चस्तरको पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

'तपाईँहरूको माग सम्बोधन गर्न प्रधानमन्त्री कार्यालय प्रतिबद्ध छ,' प्रधानमन्त्री दाहालले भने- 'सरकारले लगातार कूटनीतिक पहल गरि नै रहेको छ, कूटनीतिक नोटमार्फत पहल लिइएको छ ।'

नेपाली नागरिकको जीवन रक्षाका लागि सरकार निरन्तर लागिपरेको उल्लेख गर्दै दाहालले रुसी सेनामा कार्यरत नेपालीहरूका परिवारको माग सम्बोधन गर्न थप पहल गर्ने बताए । 'उच्चस्तरको कूटनीतिक पहल हुन्छ, म आफैले थप पहल गर्छु,' प्रधानमन्त्री दाहाल सचिवालयले उल्लेख गरेको छ ।

रुसी सेनामा कार्यरत नेपालीका परिवारले युद्धमा रहेका नेपालीलाई स्वदेश फर्काउन माग गर्दै काठमाडौंमा धर्ना दिएका थिए । प्रधानमन्त्रीका जनसम्पर्क विज्ञ बुद्धि जिसीले दाहालले माग सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेसँगै धर्ना स्थगित भएको जानकारी दिए ।

यसअघि रुसी सेनामा कार्यरत नेपालीको स्थिति सार्वजनिक गर्न, मृतकका परिवारलाई क्षतिपूर्ति दिन, सेनामा रहेकाको करार रद्द गर्न माग गर्दै अनशन बस्दै आइरहेका परिवारजनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई १३ बुँदे माग बुझाएका थिए । रुसी सेनामा कार्यरत नेपालीको जीवन रक्षार्थ अभियानकी संयोजक कृतु भण्डारीको अगुवाइमा माग पत्र बुझाइएको हो ।

भण्डारीको नेतृत्वमा परिवारले कहिले सिंहदरबार घेराउ त कहिले रुसी दूतावास अगाडि प्रदर्शन गर्दै आएका छन् । उनीहरूको माग कतैबाट सम्बोधन नभएको उनीहरूको गुनासो छ ।

हालसम्म रुसमा कार्यरत रहेकामध्ये अनशनकारीहरूसँग ६ सय २० भन्दा धेरै व्यक्तिको विवरण छ । जसमध्ये ३९ जना मृतक, १८ जना मृत्यु भएको भनिएका तर पुष्टि हुन बाँकी, पाँचजना युक्रेनको कब्जामा, ११७ जना घाइते तथा २७२ जना सम्पर्कविहीन छन् ।

रुसी सेनामा करार सम्झौता रद्द गरेका नौजना, रुसी राहदानीका लागि आवेदन दिएका ११ जना, रुसी राहदानी नलिने कागजातमा हस्ताक्षर गरेका १९ जना र बाँकी व्यक्ति सम्पर्कमा छन् ।





# लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको **अध्यक्षमा थापा निर्वाचित**

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको अध्यक्षमा दिपक थापा निर्वाचित भएका छन् । एशोसिएसनको १२ औं साधारणसभा पछि भएको निर्वाचनले थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।



थापा १५४ मत ल्याएर अध्यक्षमा निर्वाचित भएका हुन् । थापाका निकटतम प्रतिद्वन्द्वी चिरञ्जिवी बस्यालले ८२ मत ल्याए भने तारानाथ अर्यालले ६९ मत ल्याए । अध्यक्षमा तीन जनाको उम्मेदवारी परेको थियो ।

प्रथम उपाध्यक्षमा विनोदजंग केसी, द्वितीय उपाध्यक्षमा रामप्रसाद गैरे, तृतीय उपाध्यक्षमा सेमन्तराज न्यौपाने, महासचिवमा महेश कुमार बस्नेत, सचिवमा तुलसी राम पुरी, सहसचिवमा राज काजी भोलान (राज लामा), कोषाध्यक्षमा हिमा गुरुङ र सहकोषाध्यक्षमा लिल बहादुर तामाङ निर्वाचित भएका छन् ।

यस्तै सदस्यहरूमा देवीप्रसाद गिरी, शालिकराम अधिकारी, दिपक कुमार राय, सौरभ आचार्य, विद्यालक्ष्मी बज्राचार्य, अभिनयमान सिंह बस्नेत, राजेश्वर यादव, सविता कुमारी सिंह, रोशना निरौला र महेश कुमार श्रेष्ठ निर्वाचित भए ।






# सुकर्मी बाबु



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

मान्छेलाई सपना बुन्न कसले भेट्छ? कसैले भेट्दैन । यसर्थ आफ्नो भविष्य सुनिश्चित गर्न पलपल कोशिस गर्ने प्राणी हो मानिस । यो संसारमा धेरै किसिमका मानिस छन्, हुन्छन् । आ-आफ्नो क्षमता र दक्षता अनुसार कसलाई के रुचि हुन्छ, कसलाई के यकिन गर्न सकिँदैन । समयमा जसले आफूलाई चिन्दछ, ऊ सधैँ अग्रस्थानमा हुन्छ । त्यही मान्छेलाई परबाट समयले समेत नियाली रहेको हुन्छ । आफ्नो ओहदाले चिनिने मानिसको हाउभाउ र परिवारको लागि रगत पसिना बगाउने वर्गबीच ठूलो अन्तर छ । जोसँग जे छ, मनमुटुले राष्ट्र हितमा भलो चिताउनुलाई सत्कर्म भनिन्छ ।

हातबाट जसरी आलो माछा फुत्कन्छ, समय त्यस्तै हो । कति सपना गाउँमा छन्, कति शहर छिर्ने गर्छन् । अनि, शहरमा नअटेर विदेश उड्ने सपनाको संख्या यकिन छैन । उसो त आफ्नै रेखोपाखोमा खनिखोस्री चित्त बुझाउने जमात अर्को छ । ठूलो ठाउँमा पसेपछि केही न केही गर्नुपर्छ, नत्र कसरी जिवीकोपार्जन गर्नु? यहाँ कतिलाई पारिवारिक जिम्मेवारीले थिचेको छ । कतिलाई आफ्नै विगतले पिरोलेको होला? गलत मार्गमा हिँड्नेलाई समयले गिज्याएको हुन्छ । यसर्थ यहाँ बाँच्न सजिलो छैन ।

काभ्रेपलाञ्चोक जिल्ला रोशी गाउँपालीकाका ४३ वर्षीय बाबु तामाङ कलिलो उमेरमा काठमाडौं आए । पढ्ने लेख्ने बेला किन घर छोड्नु भयो? भनेर प्रश्न गर्दा उनी भन्छन्- "सुन्दर, शान्त, विशाल नेपाल आमाको काखमा हाम्रो गाउँ छ तर त्यो ज्यादै दुर्गम ठाउँ हो । रुखो माटो हुनाले अन्नपात उब्जाउ हुँदैन । लाग्छ, बाउ आमाले कसरी गुजारा गरेर हामीलाई हुर्काउनु भयो? अर्काको मेलामा गएर काम गर्न समेत नपाइने भूमि ।

हाम्रो २१ रोपनी जमिनमा पानीको स्रोत छैन । आफूलाई र गाईवस्तुका लागि थोरैतिनो चलाउन पँधेरा थियो तर बहत्तर सालको भूँइचालोले सुकाइ दियो । नजिकै रोशी खोला बगेको छ, त्यो पानीलाई सिंचाइको व्यवस्था गर्ने हो भने गाउँलेको दुःख अलि कम हुन्थ्यो कि?

हामी चार जना दाजुभाइ मध्ये म परिवारको जेठो सन्तान हुँ । त्यो बेला स्कुल टाढा थियो । शिक्षा भनेको के हो? कुन चेतनाले बाटो देखाएर पढ्न जानू? तामाङ समूदाय भएको गाउँमा धनीका छोराछोरी बनेपा/धुलीखेल बसेर पढ्थे । घरको आर्थिक कमजोर हुनाले मलाई त्यो अवसर मिलेन । बाहिर हिँडेर काम खोज्ने चाहना कसरी पलायो, राम्रोसँगले याद छैन । मामाको पछि लागेर काठमाडौं आएँ म ।

घरबाट हिँड्दा चप्पल चुडियो । चुडिनु-छुट्नु अफाप भनेर सोच्नै आएन । साथमा पैसा थियो भने नयाँ चप्पल किनेर लगाउथेँ तर सुको हातमा नहुदा नमोबुद्ध-शङ्खु हुँदै पनौती आइपुगेँ । खालीखुट्टा हिँड्दा कति काँडाले घोचो । हिसाब छैन । चुडिएको फित्तालाई आगोमा सेकाएर जोड्नतिर मेरो ध्यान किन गएन? यो सम्झेर कहिलेकाही औधी हाँस उठ्छ ।"

बिपी 'हाइवे' बन्नुले भकुण्डे ठूलो ठाउँ भयो । नत्र त्यता दिउँसै स्याल निस्किन्थ्यो । यो भनाइ पनि बाबु तामाङ कै हो । फ्याउरो र स्यालको जुवारी खेल्ने ठाउँ एकाएक शहर हुनु सकारात्मक कुरा हो । चोक बजारमा धेरैतिरबाट मानिस आउँछन् । त्यो चहलपहलले सरसंगतमा फड्को मार्छ । साथै, नयाँ नयाँ कुरा देखिन्छ, सिकिन्छ र जानिन्छ पनि । काठमाडौँमा बाबु ठूलोबुवासँग बसेँ ।

त्यो गाउँको मान्छे यति ठूलो शहरमा आएर पाइला-पाइलामा यो भिडभाड देख्दा कस्तो लाग्यो? भन्ने मेरो जिज्ञासामा पुनः उनी भन्छन्- "म त्यतिखेर पन्ध्र वर्षको थिएँ । माडवारी कहाँ काम गर्थेँ । झाडु/कुचो लगाउने र पसलको सामान यता उता सार्दिने गर्नुपर्थ्यो । यही दैनिकी मैले असन इन्द्रचोकमा चार वर्ष बिताएँ । तलव थियो, खाना बाहेक महिनाको पाँच सय ।

त्यो चार वर्ष पछि पन्ध्र सय दियो तर त्यतिले मेरो गुजारा नहुने निश्चय भयो । घरको जेठो छोरो हुनाले मेरो कर्तव्य कमाइको केही भाग गाउँमा बाउआमालाई पठाऊ भन्ने थियो । जसले गर्दा घर व्यवहार धान्न उहाँहरूलाई सहज होस् । आफूले नपढे पनि मेरा भाइहरू पढ्दै थिए, स्कुल जाँदै थिए ।" बाबुसँग लगातार गफिन समय मिलेन उनको व्यापार हुने समय परेछ । यद्यपि अरु कुरा के भन्नु पर्छ, सोध्नु न दिदी भन्न छोडेनन् । उनी कति सजिला रहेछन् भन्ने कुरा यति वचनले प्रष्ट भयो ।

त्यहाँ उनलाई भ्याइनभ्याइ भएको देखेर मैले धैर्य धारण गरेँ । दिउँसो एक बजेदेखि आफ्नो ठेला उभ्याएर पानीपुरी र चटपटे बेच्दा रहेछन् । अघि-अधिका दिनमा केटी

मानिसलाई बढी रुचि लाग्ने परिकार भनेर चर्चा परिचर्चा गरेपनि अहिले केटानकेटी सबैले सराबरी खान्छन्, उनको व्यवहारिक भनाइ थियो । हुन पनि हो रहेछ, सूर्यले डाँडा काट्ने काट्ने बेला धेरैले बाबुकै ठेला ताकेर आएको देखेँ । उनैलाई पर्खेको भेटेँ ।

बाबुका तीन जना सन्तान रहेछन् । दुई जनाले होटल 'म्यानेजमेन्ट'मा 'प्लस टु' सकेछन् । सानो चाहिँ अङ्ग्रेजी स्कुलमा कक्षा दशमा पढ्दैछ भने । ती हुर्किएकाहरू सरकारी विद्यालय पढेका रहेछन् । अब कता के गर्छन्? कि विदेश जान्छन्? मेरो कौतुहलपूर्ण जिज्ञासामा उनी भन्छन्- "खोई यो देशमा के गरी खालान्, धेरै चर्को छ । सरकार भनेको कोहो, के हो नै थाहा छैन । जुन जोगी आए पनि कानै चिरेको भनेझैँ सबै पाटीको सरकार बनो तर गरिब जनताले रोजगारी पाएनन् । यहाँ योग्यता अनुसार काम दिनु र त्यो कामको कदर हुनु हो भने विदेश किन जानू?

परिवार छरिदा कतिको घर बिग्रेको छ । उता, विदेश बसेर श्रीमानूले कमाएको पैसा, धन-सम्पत्ति सबै लिएर यता श्रीमती अर्कैतिर हिँडेपछिको दर्द कुरा गरी साध्य छैन । फेरि, कतिका श्रीमानूले धोका दिएका छन् । खास गरेर खाडी मुलुक जानेहरूकाबारेमा यथार्थ कुरा अझै धेरै छन् तर यहाँ सबै कहानी अट्दैन ।

उसो त विदेश गएर कमाएर यता प्रगति गर्ने पनि धेरै छन् । यहाँ कति मानिसले घर-जग्गाको मनग्य भाउ पाएका छन् । विदेशको पैसा खर्च गर्न सहज हुँदो रहेछ, थोरै साटे पनि धेरै हुने । यहाँको प्राकृतिक सौन्दर्य देख्दा निस्किनै मन लाग्दैन तर यही कुरा छोराछोरीलाई बुझाउन सकिदैन ।"

बाबु तामाङसँग गफिदा भूइँ मान्छेका धेरै कुरा थाहा भयो । उनले घरीघरी हँसाए पनि । सानैदेखि काठमाडौं बसे पनि गाउँकै युवती भगाएर बिहे गरेका रहेछन् । उनी आफ्नो घरजमबारे भन्छन्- "त्यस ठाउँमा मैले नै लभ गर्ने थिति बसालेँ नत्र तामाङ बस्ती भए पनि हाम्रो गाउँमा सबैको मागी बिहे हुन्थ्यो । मन मिलेपछि हामी भाग्यौँ । दुई मुटु एक भएपछि जाने ठाउँ यही काठमाडौं खाल्डोले तान्यो । मानौँ, समुन्द्रमा कुलो पसो ।

जीवनमा कति मोड आए, गए हिसाब छैन तर परिवार धान्न ऐया भनेर भएन । सकि नसकि कामधन्दा गर्नै पऱ्यो । आफू नपढेको मान्छे तर छोराछोरी पढाउन लागियो । जीवनमा म स्कुल गइनँ भन्दा पाँच दिन गएँ कि? मोबाइल फोन चलाउछु तर फेसबुक चलाउन आउदैन । केटाकेटीलाई भने इन्टरनेटका सबै सुविधा उपलब्ध छ ।

श्रीमान् श्रीमती नै शिक्षा नलिएका परियो । यस कारण ज्यामी काम गऱ्यौँ । त्यो पछि हामीले चिया पसल सञ्चालन गरेका थियौँ । त्यो व्यापारबाट मनग्य पैसा कमियो र कमिन्थ्यो पनि तर घरबेटी असल नहुनाले होटल नै छाड्नु पऱ्यो । त्यतिखेर नयाँ बानेश्वर बस्थ्यौँ ।" घरबेटी बेठीक हुनासाथ गरिरहेको काम किन छाड्नु पर्थ्यो र? यति ठूलो शहरमा अरुतिर सर्दा के हुन्थ्यो? यी दुई प्रश्नले मेरो मगजमा कौतुहल ल्यायो ।

"चोकमा जस्तो अनेत्र वेपार हुँदैन । अर्काको घर-सटर लिएर के गर्नु । चलेन भने कसरी भाँडा तिर्नु? वर्ष/छ महिनामा गाउँ पनि जानु पर्छ । बाउ उतै हुनुहुन्छ, ससुराल उतै, बिहे, व्रतवन्ध र मरोमारोलगायत के के परिरहन्छ । हामीले आफ्नो संस्कार र संस्कृति पनि जोगाउनु छ । काम त आफ्नो ठाउँमा छदैछ । साथै, परिवार, समाज र सम्बन्धलाई भूल्नु भएन ।"




बाबु तामाङका कुरा सुनिरहुँ लाग्ने छन् । हो, वास्तवमा उनले जति मिठासले खुलेर कुरा गरे, फूर्तिलो ज्यान कामप्रति मिहिनेती छन् भनेर ठम्याउन वेर लागेन । झन्डै डेढ दशक हुन लागेछ उनले चटपटे र पानीपुरीको व्यापार गर्न थालेको । सबै दिन नगद बिक्दो रहेछ । सुरुवाति दिनमा तीन रुपैयाँ पर्ने चटपटे पाँच, दश, बीस, तीस हुँदै पचास भयो । तीसमा पनि बन्छ रे तर पचासको जस्तो स्वाद हुँदैन रहेछ ।

चटपटे पानीपुरी दुवै चिज नखाने मैले उही व्यापारीसँग कुन प्रशंग कसरी कुरा सुरु गरौँ भन्ने थियो । त्यो चरण पार लगाएर अघि बढ्दै जाँदा बाबुले धुलिखेलमा चार आना घडेरी किनेको प्रसंग सुनाए । अझै पैसा कमाउन विदेश जान मन भएन? भन्ने मेरो जिज्ञासामा उनी भन्छन्- "खहरे भेलले नछुने कुरो भएन तर मेडिकल जाचमा फालिएँ म । फेरि, कोशिस गर्दा छातीमा दाग देखायो । किन देखायो? त्यसको प्रत्यक्ष असर काम गर्न खान खाँचो छैन ।

मेरी श्रीमतीले धेरै वर्ष ज्यामी काम गरिन् । कोरोना कालदेखि चै मकैँ र साग बेच्छिन् । दिनमा छ-सात सयको व्यापार गर्छिन् । पच्चिस सयदेखि तीन हजार हुन्छ, मेरो । यो सबै नाफा होइन । खर्च कटाएर पाँच-पाँच जनाको परिवार धानेर, नानीहरूको पढाइ खर्च, कोठाभाडा, बिमारी पर्दा औषधी उपचार सबै धान्दै सहकारीमा गरेको वचतले झन्डै एक तला घर बनाउन पुग्थ्यो कि तर वचतको त्यो पैसा फिर्ता पाएको छैन । यसले हाम्रो भविष्य अन्योल भयो । नानीहरू पनि अब हुर्के । अक्षररुपी आँखा देखाउने कार्यमा आफू नचुकेको कारण होस्टेमा हैसे होला कि?"

श्रम सबैले गर्छन् तर यति धैर्यवान मानिस विरलै भेटिन्छन् । विश्व जनसंख्याको एक चौथाई भनेको १.८ बिलियन नागरिकहरू १५ र ३५ वर्षको बिचका उमेरका रहेका छन् । यो विश्वले चिनेको सबैभन्दा ठूलो युवा पुस्ता मात्र नभई शिक्षित युवा पुस्ता पनि हो । यही संख्याभित्र बाबु पनि पर्छन् । नेपालको विडम्बना के छ भने देशमा अस्थिर राजनीति परिस्थितिको कारणले आफ्नो उज्ज्वल भविष्यको नक्सा कसरी कोर्नु? आम युवा वर्ग अन्योलमा परेका छन् ।

युवाको समग्र विकास, सामाजिक उद्यमशिलता, शान्ति निमार्ण तथा दिगो विकासका मुद्धाहरूमा कोही किन सचेत छैनन्? खास गरेर यो प्रश्न नेपाल सरकारलाई हो । हिजोआज सडक व्यापार छैन । भित्रभित्र पनि नगरपालिकाले छापा मारेर गर्न दिदैन । बाबु तामाङले बताए अनुसार उनका चार वटा ठेला नगरपालिकाले लगिसक्यो । यस अघिको नेतृत्वले पछि फिर्ता दिएको थियो तर अहिले दिएको छैन । डरले खान लाउन दिदैन ।

मूल सडकबाट ओल्टोकोल्टो भेट भएका बाबु पहिला मसँग बोल्न हच्किए । कारण, महानगरले छड्के पठाएको हो कि भन्ने लागेछ, उनलाई । त्यो होइन भनिसकेपछि अर्को डर भोलिदेखि यस थलोमा बस्न नपाइने पो हो कि? भन्ने त्रासले उनको मनमा चिसो पसाएको रहेछ । कदापी त्यस्तो हुँदैन भनेर मैले ढुक्क हुन अनुरोध गरिसकेपछि बल्ल अलि उज्यालो अनुहार बनाएर मसँग कुरा गर्न तयार भए । आखिर यो देश बाबुहरूको पनि हो । आफ्नो भोक मेट्न उनीहरू सडकमा छन् । यो कुरा घाम जस्तै छर्लङ्ग छ । आश्चर्य चाहिँ यसबारे सरकार किन मौन छ? एउटा झाडीमा कति जातका रुख बिरुवा हुन्छन्? त्यस्तै, उनीहरूलाई विकल्प दिनु पर्ने होइन र?

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

# वैदेशिक रोजगार बोर्डको सचिवालय

**बबरमहल, काठमाडौं**

## सचिवालयबाट प्रदान हुने सेवाहरूको बारेमा सूचना

***श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय बमोजिमका सेवा प्रदान गरिने जानकारी गराइन्छ।***

- कामदार विदेश वा नेपालमा समेत बिरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रुपैयाँ सम्म आर्थिक सहायता ।
- कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एक पटकका लागि ५० हजार रुपैयाँ सम्म औषधि उपचार सहयोग ।
- विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोगका लागि कानूनी सहायता आवश्यक परेमा कानूनी प्रतिरक्षा सहायता ।
- महिला कामदारले पूर्व-प्रस्थान अभिमुखिकरण तालिम बापत तिर्नुपर्ने शुल्क सोधभर्ना ।
- विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलबाट इच्छाईएको सडक पुगेको स्थलसम्म निःशुल्क शव ढुवानी सेवा ।
- मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधि पछि मृत्यु भएको भए २५ हजार रुपैयाँ आर्थिक सहायता प्रदान ।
- पूर्ण आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।
- विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउने लगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरू ।

**उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा भौतिक रुपमा वा विभिन्न माध्यमबाट सम्पर्क गर्न सकिनेछ।**

### सम्पर्क विवरण :

वेब साईटः www.feb.gov.np, www. shramadhan.moless.gov.np; facebook.com/molcallcenter

इमेलः info@feb.gov.np welfare@feb.gov.np; callcenter@feb.gov.np

श्रमाधान (कल सेन्टर): ११४१, १६६००१५०००५ (NTC बाट निःशुल्क),

फोन/इमो/भाईबर/ह्वाट्सएपः +९७७९८५१३३४२२ भाईबर/ह्वाट्सएपः ९८०१८०००१३

इमोः ९८०१३०००३३, शुल्क लाग्ने नम्बरः ९८०१८०००३३, ०१-५९७०००८ (२४ सै घण्टा)

टेलिमेडिसिन (इमो, भाइबर, हाटसूएप बिहान १० देखि साँझ ६ बजे सम्म) ९८५१३४५७०१/७०२

# सम्मान साथ पर्थमा जमेका भैरव ढकाल

"कामदारबाट उनी उद्यमी बने। सन् २०१० मा पर्थको भिक्टोरिया पार्कमा नेपाली रेष्टुरेन्ट खोल्न सफल भएका उनी कामदारबाट मालिक बने, यसपछि उनले जीवनमा कहिल्यै पछाडि फर्केर हेर्नु परेको छैन। एकपछि अर्को सफलता हात परिरह्यो उनलाई।



२८ वर्ष पहिला अष्ट्रेलियाको पर्थ पुगेका भोजपुर चरम्बीका भैरव ढकाललाई केही वर्षको बसाइपछि नै स्वदेश फर्किहाल्छु भन्ने थियो । तर समयले उनलाई फर्कन दिएन, अहिलेसम्म त्यहीँ राख्यो क्रियाशील बनाएर । कामदारका रुपमा अष्ट्रेलिया छिरेका ढकाल अहिले सफल उद्यमी मात्र होइन, पर्थमा रहेका नेपालीहरूका अत्यन्तै जिम्मेवार अभिभावक बनेका छन् । व्यवसायिक जीवनको अतिरिक्त सामाजिक कार्यमा समेत सक्रिय रहेका उनी पर्थमा रहेका नेपालीहरूको मनमुटुमा ज्यादै सम्मानित रुपमा बसेका छन् ।

सन् १९९६ अक्टोवरमा ढकाल पर्थ पुग्दा त्यहाँ पढ्नका लागि गएका केही नेपाली मात्र भेटिन्थे । तर, ढकाल भने काम गर्नको लागि पर्थमा पुगेका थिए । उनी निरन्तर रुपमा समर्पित भएर काममा लागिरहे । १२ वर्षमा खोला त फर्कन्छ भनिन्छ, ढकालको जीवनमा पनि यस्तै भयो, उनको जीवनले नयाँ अध्याय शुरु गर्‍यो । कामदारबाट उनी उद्यमी बने । सन् २०१० मा पर्थको भिक्टोरिया पार्कमा नेपाली रेष्टुरेन्ट खोल्न सफल भएका उनी कामदारबाट मालिक बने, यसपछि उनले जीवनमा कहिल्यै पछाडि फर्केर हेर्नु परेको छैन । एकपछि अर्को सफलता हात परिरह्यो उनलाई ।

अष्ट्रेलियामा रहेका दर्जनौँ संघसंस्थामा आबद्ध रहेका ढकालले पर्थमा नेपाली समाज चिनाउनका लागि अर्थपूर्ण गतिविधिका साथमा धेरै नै मेहनेत गरेका छन् । व्यवसाय बाहेक सामाजिक कार्यमा सक्रिय ढकाललाई नचिन्ने सायदै छैनन् होला । दिनमा कम्तीमा ४ घण्टा समाजसेवामा बिताउने ढकाललाई सामाजिक कार्य नशाजस्तै भएको छ । उनलाई सामाजिक कार्यका लागि तथा विभिन्न सहायताका लागि दिनमा सयौँ फोनहरू आउने गर्दछन् । उनी पनि सकेको सहयोग तथा सहजिकरणका लागि सप्रेम आफै अघि सर्ने गर्दछन् ।





**प्रधानमन्त्री पुष्पकमल दाहाल र पूर्वप्रधानमन्त्री केपी ओलीका साथमा भैरव ढकाल।**

हरेक नागरिकलाई परिश्रम गर्न सिकाएको अष्ट्रेलियामा ढकालको दैनिकी निकै ब्यस्त छ। बिहान उठेदेखि मध्यरातसम्म उनी व्यवसायमा आफै सक्रिय हुन्छन्। 'काम सानो-ठूलो हुँदैन' उनी गर्व साथ भन्छन्- 'ट्वाइलेट सफा गर्नेदेखि भाँडा सफा गर्ने सम्पूर्ण काम म आफै गर्छु, अरुलाई परिश्रम गर्न सिकाउन पनि म आफै अगाडि सर्छु। मलाई काम गर्दा आनन्द महसुस हुन्छ। काम गर्दा सानो होइन्न, बरु काम नगर्दा सिक्ने अवसरबाट बन्चित होइन्छ।'

ढकाल मात्र होइन अष्ट्रेलिया पुगेका हरेक नेपालीले यसरी नै परिश्रम गर्न सिकेका छन्। यो त्यहाँको खास जीवन पद्धति नै हो।

## भोजपुरदेखि पर्थसम्म

नेपालको पूर्वी जिल्ला भोजपुरको चरम्बी (हाल अरुण नगरपालिका)मा बाल्यकाल बिताएका ढकालको कर्मभूमि अष्ट्रेलिया बन्यो। बुबा स्व. सीताराम (शिव) ढकाल र आमा पदमकुमारी ढकालको उनी माइलो छोरा हुन्। दाजु भीमप्रसाद ढकालसँगै अध्ययनका लागि राजधानी छिरेका उनले त्यसबेला पनि धेरै संघर्ष गरे। काठमाडौमा दाजु भीमप्रसाद र भाइ प्रभु ढकालसँग बस्दासमेत उनी पारिवारिक जिम्मेवारीको भूमिका निभाउँथे। काठमाडौंमा बस्दा नै विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा काम गरेको अनुभव बटुलेर नयाँ छलाङ मार्न उनी ठूलै घरानाको साथमा लागेर सन् १९९६ अक्टोबर ५ तारिखका दिन अष्ट्रेलिया हानिए।

उनी अष्ट्रेलियाको पर्थमा पुगे। पर्थ राज्य पश्चिमी अष्ट्रेलियाको राजधानी हो। यो राज्यको स्थापना १२ जून १८२९ मा केप्टन जेम्स स्टर्लिंगले गरेका थिए। ढकाल पर्थ पुग्दा नेपालीको संख्या ज्यादै न्युन थियो। नेपाली भेट्न निकै मुस्किल हुन्थ्यो। अहिले भने त्यहाँ नेपालीको संख्या ह्वात्तै बढेको छ।

पर्थमा काम गर्दागर्दै उनी सन् १९९८ मा शान्ता ढकाल पराजुलीसँग वैवाहिक सम्बन्धमा बाँधिए। परिवारसँगै परदेशमा बस्न थालेपछि उनलाई थप सहज महसुस भयो। अहिले छोरी सरिना ढकाल र छोरा रायन ढकाल उनीहरूको सहारा बनेका छन्। छोरी सरिना पनि आफ्नो ल्याब मेडिसिनको अध्ययनका अतिरिक्त बुबाको सामाजिक कार्यको पदचाप पछ्याउँदै अगाडि बढिरहेकी छिन्।

## सामाजिक संघसंस्थादेखि एनआरएनए अभियानसम्म

सन् १९९६ मा अष्ट्रेलियाको पर्थमा पुग्दा त्यहाँ २०-२५ जना नेपाली मात्र थिए। काम गर्नेभन्दा पनि पढ्नका लागि गएका नेपालीहरू भेटिन्थे। बिस्तारै नेपालीहरू पर्थ जाने क्रम बढ्दै गयो। सन् २००४ सम्म आइपुग्दा पर्थमा नेपालीको संख्या ५-६ हजार पुग्न थाल्यो। त्यो बेला ढकालसहित केही अगुवाहरूले त्यस क्षेत्रमा रहेका सबै नेपालीलाई समेट्नका लागि एउटा नेपाली संस्था बनाउने पहल थाले। अनि जन्मियो, नेपाली एशोसिएशन अफ वेर्ष्टन अष्ट्रेलिया (नावा)। ढकाल नावाको संस्थापक कोषाध्यक्ष बने।

नेपालीहरूलाई एकअर्कामा जोड्ने, नेपाली

> व्यवसाय बाहेक सामाजिक कार्यमा सक्रिय ढकाललाई नचिन्ने सायदै छैनन् होला। दिनमा कम्तीमा ४ घण्टा समाजसेवामा बिताउने ढकाललाई सामाजिक कार्य नशाजस्तै भएको छ।




परिवारका साथ ढकाल।



विदेशमा पैसा मात्र कमाउने होइन, अब आफ्नो समाज र देशका लागि पनि केही गर्न हामी सबै जुट्नु पर्छ । यो समयको आवश्यकतासँगै माग पनि हो । यसो गर्न सके राष्ट्रलाई निकै ठूलो सहयोग पनि हुनेछ ।

कला-संस्कृति देखाउने र नेपाललाई चिनाउने काम नावाले गर्न थाल्यो । नावा नै पर्थको सबैभन्दा पुरानो नेपाली संस्था हो । नेपाल फेष्टिवल आयोजना गरेर नेपाल चिनाउनका लागि नावाले निरन्तर रुपमा काम गर्दै आएको छ ।

सन् २००३ मा बेलायतबाट शुरु भएको गैरआवासीय नेपाली संघको अभियान अष्ट्रेलियामा पनि बिस्तार हुन थाल्यो । ढकाल पनि अन्तर्राष्ट्रिय सञ्जाल भएको एनआरएनएको अभियानमा सन् २००९ मा जोडिए । सन् २०११-१३ मा एनआरएनए अष्ट्रेलियाको उपाध्यक्ष बनेका ढकाल २०१३-१५ मा आइसीसी सदस्य हुँदै विभिन्न टाक्सफोर्समा रहेर काम गरे ।

एनआरएनएको वैदेशिक रोजगार टाक्स, आर्थिक व्यवस्थापन टाक्स हुँदै आइसीसी सल्लाहकार समेत बनिसकेका ढकाल एनआरएनए अभियानमा अझ सक्रिय भएर काम गर्ने सोचाइमा रहेका छन् । पवित्र संघसंस्थामा हुने गरेका फोहोरी राजनीतिलाई जरैबाट उखेल्न आवश्यक रहेको बताउँने ढकाल यस्ता संघसंस्थामा आबद्ध हुने सबैजना विशुद्ध सामाजिक कार्यमा लाग्नुपर्ने बताउँछन् । सामाजिक संस्थामा लिन होइन, दिन जाने हो भन्ने मान्यता राख्ने ढकाललाई सहयोग गर्न पाउँदा मात्र औधी खुशी मिल्ने गर्छ ।

बुबा सीताराम ढकालले सामाजिक कार्यमा चालेको कदमलाई मूर्तरुप दिन ढकाल परिवारले बुबा र आमाको नाममा सीताराम पदमकुमारी फाउण्डेशन स्थापना गरेर सामाजिक कार्य गर्दै आएको छ । सामाजिक काममा आफ्ना बुबाको प्रभावशाली सक्रियताको बाछिटा आफूमा पनि परेको ढकालको भनाइ छ । जेष्ठ नागरिकहरूको हक अधिकारका लागि आफ्ना बुवाको सक्रियतामा भएको आन्दोलनले दिलाएको सफलतालाई ढकाल परिवारले गर्व साथ लिन्छ । अनि आफ्ना बुवाको योगदानको चर्चा हुन्छ । आफ्नो होइन, समाजका लागि काम गर्नुपर्छ भन्ने आफ्ना बुवाको मान्यता अहिले सबै छोराछोरीमा सरेको छ ।

## कामदारदेखि सफल व्यवसायीसम्म

रेष्टुरेन्टमा कामदारका रूपमा अष्ट्रेलिया छिरेका ढकालको संघर्षका दिन निकै कष्टकर थिए । तर काममा रमाउने ढकाललाई अगाडि बढ्न केही कुराले पनि रोकेन । १४ वर्ष कामदार भएर काम गरेका उनले आफ्नो अनुभव निखार्दै आफै मालिक बन्ने रिक्स मोले । अन्ततः उनले सन् २०१० मा हिमालय नेप्लिज रेष्टुरेन्ट संचालनमा ल्याए । पर्थको भिक्टोरिया पार्कमा नेपाली खाना खुवाउने र विश्व बजारमा नेपालका अनेकौं हार्दिक पक्षलाई चिनाउनका लागि उनी लागिपरे । नेपाली गीत-संगीत, कला-साहित्य, प्रकृति-संस्कृति र नेपाली जनजीवनका चाखलाग्दा पाटाहरूको प्रचार प्रसारसँगै नेपाली पर्यटन प्रवर्द्धनका निम्ति ढकाल अहिलेसम्म निरन्तर लागिरहेका छन् ।

हस्पिटालिटी सेक्टरमा नै काम गरेको अनुभवी ढकाललाई रेष्टुरेन्ट व्यवसाय चलाउन धेरै संघर्ष गर्नै परेन । हिमालयन नेप्लिज रेष्टुरेन्टले सफलता चुम्दै गयो । रेष्टुरेन्ट व्यवसायको सफलतासँगै उनले अब यो व्यवसाय अझै बिस्तार गर्ने सोच बनाए । सन् २०१२ मा अर्को ब्रान्च पनि खोले । अनि प्रत्येक वर्ष नयाँ ब्रान्च खोल्न र सेवा प्रदान गर्न थाले । पर्थमा मात्र हिमालय नेप्लिज रेष्टुरेन्ट ६ वटा पुगे । एक सयभन्दा बढीलाई रोजगार दिएर व्यवसाय चलाइरहेका ढकाललाई कोरोना महामारीले भने नराम्ररी असर गऱ्यो । रेष्टुरेन्टका ४ वटा ब्रान्च बन्द भए । अहिले भिक्टोरिया पार्क र मसमन पार्कमा रहेको रेष्टुरेन्ट चलिरहेका छन् । ढकाल आफै रेष्टुरेन्टका सबै काम गर्दछन् । उनको काम गर्ने जाँगर र मेहनेत देखेर सबैले डाह गर्दछन्, तर उनी आफ्नो कामबाट कहिल्यै थाकेनन्, निरन्तर आफ्नो सक्रियता बढाइरहेका छन् ।

नेपालीहरू समस्यामा परे भने उनको रेष्टुरेन्टमा आएर निःशुल्क खाना खान्छन् । कसैलाई पढ्नका लागि पैसा पुगेन भने उनले गर्जो टारिदिन्छन् । आर्थिक, नैतिक तथा कानूनी परामर्शका लागि पर्थमा रहेका नेपालीहरू ढकालसँग ठोक्किहाल्छन् ।

## अन्ततः सपना नेपालकै

अष्ट्रेलियामा बसेर नाम र दाम कमाएर सफल बनेका ढकाललाई नेपाल सम्झिँदा राम्रो निन्द्रा पर्दैन । कति रात उनले अष्ट्रेलियाको विकास, नियम-कानुनको कार्यान्वयन र नेपालको बिग्रँदो अवस्थालाई केलाउँदा-केलाउँदै छर्लङ्ग उज्यालो बनाएका छन् । कर्मले आफूलाई सफल बनाए पनि देश छोड्नु परेको पीडा उनमा छ । नेपालको राजनीति, विकासको गति र युवा वर्गको पलायनले उनको मन पिरोल्छ र सधैं छटपटी हुन्छ । राजनीतिक उतारचढावले जनतामा खुशी नमिलेकोमा उनमा चिन्ता छ ।

आफूले कमाएको सीप र पुँजीलाई नेपालमा लगानी गर्नका लागि उपयुक्त क्षेत्रको खोजीमा रहेका ढकाल सरकारले लगानीको वातावरण बनाउने र सुरक्षा दिने हो भने विदेशबाट धेरै लगानी भित्रने बताउँछन् । नेपालमा हस्पिटालिटी सेक्टरमा नै लगानी गर्ने उनको योजना छ । नेपालमा लगानीका लागि धेरै अवसरहरू रहेको उनको आँखाले देखेको छ ।

विदेशमा जति नै सफल भए पनि नेपाल समृद्ध र विकसित भएको हेर्ने मन प्रवासमा रहेका सबै नेपालीको रहेको ढकाल बताउँछन । 'विदेशमा जतिसुकै सफल भए पनि नेपाल समृद्ध नभएसम्म कुनै पनि नेपालीको इज्जत रहँदैन,' ढकाल भन्छन्- 'विदेशमा पैसा मात्र कमाउने होइन, अब आफ्नो समाज र देशका लागि पनि केही गर्न हामी सबै जुट्नु पर्छ । यो समयको आवश्यकतासँगै माग पनि हो । यसो गर्न सके राष्ट्रलाई निकै ठूलो सहयोग पनि हुनेछ ।'


निःशुल्क वैदेशिक
रोजगारमा पठाउने
मेनपावर
iMR
इन्टरनेशनल
मेनपावर रिक्रुटमेन्ट प्रा.लि.
ग्वार्को, ललितपुर, फोन नं. ०१-५२०४३४६/४७/४८
E-mail: info@imrsolution.com,
admin@imrsolution.com


Your way of Travel wherever in the world.
JAPAN
AUSTRALIA
MALAYSIA
USA
Cheapest Air Fare...
Special Fare for Students
HARVEST MOON
HARVEST MOON
TRAVELS & TOURS PVT. LTD.
GPO Box: 8975, EPC 938
Gairidhara-02, Kathmandu, Nepal.
Te: + 977-01-4415575, 4415442, 415517, 4415526, 415420
Fax: +977-01-4441951
Email: harvestmon@mos.com.np
Website: www.harvestmoongroup.com

# कतारमा रहेका नेपालीले लिए 'खुशी र स्वस्थ जीवनशैली' सम्बन्धी प्रशिक्षण



संखुवासभा समाज कतारले कतारमा रहेका नेपालीहरूलाई 'खुशी कला र स्वस्थ जीवनशैली' सम्बन्धी प्रशिक्षण कार्यक्रम गरेको छ । सनैयाको प्लाजा मलमा रहेको लाली गुराँस रेस्टुरेन्टमा आयोजित कार्यक्रममा योग एवम् आहार विशेषज्ञ तथा बरिष्ठ उत्प्रेरक डा. राजु अधिकारीले उक्त प्रशिक्षण दिएका हुन् ।

'संखुवासभालीको पहिचान, विश्व सामु चिनाउने हाम्रो अभियान' भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै विभिन्न सामाजिक कार्य गर्दै आएको संखुवासभा समाज, कतारले यस पटक फरक प्रकारको कार्यक्रम सम्पन्न गरेको हो ।

नेपाली दुतावासका प्रथम सचिव कृष्णकुमार सुबेदीको प्रमुख आतिथ्यता सम्पन्न कार्यक्रममा नेपालबाट आमन्त्रित योगबिज्ञ डा.अधिकारी प्रमुख आकर्षक तथा विशिष्ट अतिथिको रूपमा सहभागी रहेका थिए ।

गैरआवासीय नेपाली संघ कतारका अध्यक्ष रमेश भट्टलगायत दोहामा स्थापित पचास भन्दा बढी संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरू विशेष आतिथ्यता रहेको कार्यक्रममा कतारबासी नेपालीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

संखुवासभा समाज कतारले आफ्नो परोपकारी कोषको श्रीवृद्धिका लागि कार्यक्रम आयोजना गरेको समाजका महासचिव पदमप्रसाद सिंखडाले जानकारी दिए । यस्तै समाजका अध्यक्ष राजेन्द्र खनालले डा. अधिकारीको सहजीकरणमा तनाव व्यबस्थापन, जीवनशैली र स्वस्थ आहार, आनन्दमय जीवन पद्धतिका प्रमुख आधारमा रहेर बिशेष प्रशिक्षण कार्यक्रम गर्न पाउदा धैरै खुसी मिलेको बताए ।

अहिलेको अवस्थामा खानपानले गर्दा नै विभिन्न दीर्घ रोगबाट पीडित भई अकालमा ज्यानै गुमाउनु पर्ने अबस्था सिर्जना भएको हुँदा खानपान र योग आवश्यक रहेको प्रशिक्षक डा. अधिकारीले जानकारी दिए । प्रमुख अतिथिसमेत रहेका नेपाली नियोग कतारका प्रथम सचिव सुबेदीले जीवन उपयोगी कार्यक्रम आयोजना गरेकोमा संखुवासभा समाज कतारलाई धन्यवाद व्यक्त गरे । उनले कतारमा रहेका अन्य संघसस्थाले पनि आगामी दिनमा यस्ता जनचेतनामूलक कार्यक्रम गर्ने अपेक्षा गरे ।

प्रशिक्षण कार्यक्रममा शारीरिक र मानसिक स्वास्थ्यमा प्रत्यक्ष लाभ लिनको लागि अपनाउनु पर्ने जीवनशैली र ग्रहण गर्ने आहार (भोजन)का बारेमा जानकारी गराइएको थियो । साथै आफुले प्राप्त गरेको ज्ञान आफ्नो साथीहरूलाई पनि सेयर गर्न समाजका अध्यक्ष राजेन्द्र खनालले अनुरोध गरेका छन् ।

समाजका उपाध्यक्ष बिरेन मादेनले सहभागीलाई स्वागत गरेका थिए भने कार्यक्रमको सहजीकरण महासचिव पदम प्रसाद सिम्खडाले गरेका थिए । कार्यक्रममा सहभागीलाई सहभागिता प्रमाणपत्र पनि बितरण गरिएको थियो ।

# अमेरिकामा नेजाले मनायो **स्थापना दिवस**



नेपाल अमेरिका पत्रकार संघ (नेजा)ले आफ्नो स्थापना दिवस विविध कार्यक्रम गरी मनाएको छ । संघले आफ्नो १७औं स्थापना दिवसको अवसरमा रक्तदान, अन्तरक्रिया तथा वृक्षरोपण कार्यक्रमको आयोजना गरी मनाएको हो । नेजाले स्थापना दिवसका अवसरमा नेपाल पत्रकार महासंघका पदाधिकारी, नेजाका संस्थापकहरू, संस्थापक अध्यक्ष तथा पूर्वअध्यक्ष, पूर्वकार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, संस्थाका सदस्यहरू, गैरआवासीय नेपाली संघका अभियन्ताहरूको सहभागितामा अप्रिल २१ तारिखका दिन विद्युतीय माध्यम जुममार्फत बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

सो अन्तरक्रियामा प्रवासको पत्रकारिताका विविध आयाममाथि सहभागीहरूले धारणा राखेका थिए । नेजा उत्तर अमेरिकामा रहेका नेपाली पत्रकारहरूको साझा संस्था हो । रचनात्मक ढंगका कार्यक्रम गरी संघको स्थापना दिवस मनाइएको बताउँदै नेजाका अध्यक्ष सुरज भण्डारीले आगामी दिनमा संघमार्फत अमेरिका र नेपालमा पत्रकारिताको गुणात्मक विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिन लागिएको तथा सक्रिय पत्रकारका लागि फेलोसिप कार्यक्रम सुरु गर्न लागेको बताए ।

अध्यक्ष भण्डारीले नेजा र नेपाल पत्रकार महासंघबीचको सम्झौता र सहकार्यबाट धेरै कुरा गर्न सकिने बताए । महासंघसँगको सहकार्यमा नेजाले 'नेजा ग्रामीण उत्कृष्ट पत्रकारिता पुरस्कार' प्रत्येक दुई वर्षमा प्रदान गर्दै आएको छ । नेजाले स्थापना दिवसको अवसरमा अप्रिल २० मा ब्लड डोनर्स अफ अमेरिकासँगको सहकार्यमा टेक्सासको युलेस सहरमा रहेको नेपाली सांस्कृतिक तथा आध्यामिक केन्द्रमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । यसैगरी, अप्रिल २१ मा टेक्सासको डालसमा रहेका पत्रकारहरूसँग शुभकामना साटासाट गरेको थियो भने म्यासाच्युसेट्स राज्यको बोस्टनमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको थियो । यस्तै, अप्रिल २२ मा लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट, डालास एभरेस्ट लायन्स क्लबसहितका लायन्स क्लबहरूसँगको सहकार्यमा टेक्सासको अर्भिङ सहरमा रहेको जेफरसन पार्कमा वृक्षरोपण गरिएको थियो ।

# क्यान्सर पीडित **दुई नेपाली युवती**लाई नेपाली संघ-संस्थाको सहयोग



कतारमा क्यान्सर रोगबाट पीडित भएर उपचार गरिरहेका दुई नेपाली युवतीलाई नेपाली संघ-संस्थाहरूले आर्थिक सहयोग गरेका छन् । वैदेशिक रोजगारीको शिलशिलामा कतारमा रहदा क्यान्सर रोगबाट पीडित बन्न पुगेका रुपन्देहीकी संगीता परियार र दाङकी उर्मिला सुलेमानीलाई नेपाली संघ-संस्थाले उपचारका लागि आर्थिक सहयोग गरेका हुन् ।

पाठेघरको क्यान्सरबाट पीडित परियार र ब्रेष्ट क्यान्सर भएकी सुलेमानी आर्थिक अभावका कारण उपचार गराउन समस्यामा परेका थिए । आजाद भिसामा रहेका उनीहरूको उपचारमा आर्थिक अभाव भएको जानकारी पाएपछि गैरआवासीय नेपाली संघ (एनआरएनए, एनसीसी) कतारको श्रमिक विभागका संयोजक कृष्ण पन्थी तथा महिला संयोजक सुष्मा खतिवडाले उनीहरूको अवस्थाका बारेमा भेटेर जानकारी लिएका थिए ।

उनीहरूलाई उपचारका लागि आर्थिक सहयोगको आवश्यकता देखिएकाले एनसीसी कतारको संयोजकत्वमा रकम संकलन गरी हस्तान्तरण गरिएको पन्थीले बताए । नेपाली महिला समाज कतारका तर्फबाट संस्थागत ४ सय १०, एनसीसी कतारको तर्फबाट संस्थागत १ हजार, एनसीसीकै महिला संयोजक सुष्मा खतिवडाले संकलन गरेको १ हजार १ सय १९ र लुम्बिनी समन्वय परिषद् कतारले संकलन गरेको १४ सय ४२ गरी कूल ३ हजार ९ सय ७१ कतारी रियाल दुबै विरामीलाई बराबर बाँढेर हस्तान्तरण गरिएको छ ।

बिरामीलाई रकम हस्तान्तरण गर्न पन्थी र खतिवडाका अलावा एनआरएनए आइसीसी सदस्य तेज कटुवाल, एनसीसी कतारका अध्यक्ष रमेश भट्ट, महिला समाजकी अध्यक्ष माया केसी पुगेका थिए ।

क्यान्सरबाट लडिरहेका दुबै विरामीलाई थप नगद सहयोगको आवश्यकता देखिएको बताउदै महिला समाजकी अध्यक्ष केसीले अन्य संघ-संस्था तथा नेपाली समूदायबाट थप सहयोग मिल्ने विश्वास लिएको बताइन् ।

---

# क्यानडाका लागि **नेपाली राजदूत पौडेल**ले बुझाए ओहोदाको प्रमाणपत्र



क्यानडाका लागि नेपाली राजदूत भरतराज पौड्यालले क्यानडाका गभर्नर जनरल तथा कमाण्डर इन चीफ मेरी जे मे साइमनसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र बुझाएका छन् । ओटावामा आयोजित एक कार्यक्रमकाबीच ओहोदाको प्रमाणपत्र बुझाएसँगै राजदूत पौड्याललाई क्यानडाका गभर्नर जनरलले स्वागत गरेकि थिइन् । कार्यक्रममा राजदूत पौड्यालले क्यानडाका गभर्नर जनरललाई नेपालका राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बाट उनको व्यक्तिगत स्वास्थ्य र खुशीका साथै क्यानडाको निरन्तर शान्ति, प्रगति र समृद्धिका लागि पठाएको शुभकामना सन्देश सुनाएका थिए ।

साथै, राजदूत पौड्यालले गभर्नर मेरी जेलाई नेपाल र क्यानडाबीचको मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धको अवस्थाबारे अवगत गराउनुका साथै लोकतन्त्रको सुदृढीकरण र आर्थिक विकासका प्रयासलाई तीव्रता दिन नेपाल सरकारका प्रमुख प्राथमिकताहरूबारे जानकारी गराएका थिए ।

क्यानाडाले नेपालको आवश्यकताको समयमा निरन्तर सहयोग गरेकोमा प्रशंसा गर्दै उनले सरकारसँग नजिक रहेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । पौडेलले क्यानाडा सरकार र निजी क्षेत्रले द्विपक्षीय व्यापार, पर्यटन, लगानी र प्रविधि हस्तान्तरण प्रवर्द्धन गर्न र जनतासँगको सम्बन्धलाई सुदृढ गर्न तथा पारस्परिक लाभकारी आर्थिक साझेदारीलाई अगाडि बढाउने विश्वास व्यक्त गरे ।

गभर्नर मेरीले क्यानडाका लागि नेपाली राजदूतको रूपमा मान्यता पाएकोमा राजदूत पौड्याललाई बधाई दिँदै नेपालको नेतृत्वलाई शुभकामना दिइन् ।

उनले द्विपक्षीय सम्बन्धको उत्कृष्ट अवस्थाप्रति खुशी व्यक्त गर्दै साथै सम्बन्धलाई थप प्रगाढ बनाउन क्यानडा सरकारको पूर्ण सहयोग रहने आश्वासन तथा राजदूतको सफल कार्यकालको कामना गरेकी थिइन् ।

सो अवसरमा क्यानडा सरकारका उच्च पदस्थ अधिकारीहरू लगायत ग्लोबल अफेयर्स क्यानडाका प्रतिनिधिहरू र गभर्नर जनरलको कार्यालयका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो ।

# अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघको अध्यक्षमा पुनः शाह

## उपाध्यक्षमा ढकाल, पोखरिया, बन्जरा र श्रेष्ठ चयन



अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (फिने)ले स्वतन्त्रप्रताप शाहको अध्यक्षतामा अन्तर्राष्ट्रिय कार्यकारी समिति गठन गरेको छ । महासंघको हालसालै सम्पन्न वार्षिक साधारणसभाले सन् २०२३ देखि २०२५ सम्मका लागि पुनः शाह (अष्ट्रेलिया)को अध्यक्षतामा अन्तर्राष्ट्रिय कार्यकारी समिति गठन गरेको हो । शाह महासंघका संस्थापक अध्यक्ष समेत हुन ।

साधारणसभाले वरिष्ठ उपाध्यक्षमा गोकर्ण ढकाल (हङकङ), उपाध्यक्षहरूमा पूर्ण पोखरिया (कतार), रमेश श्रेष्ठ (युएई), आकाश बन्जरा (हङकङ), प्रकाश थापा (अमेरिका), समिम अनवर (अष्ट्रेलिया), दिला खरेल (अष्ट्रेलिया)लाई चयन गरेको छ । त्यसैगरि महासचिवमा दिपेन घले (हङकङ), सचिवहरूमा प्रदीप न्यौपाने (चीन), कुमार कार्की (साउदी अरेबिया), कोषाध्यक्षमा उषा गुरुङ (अष्ट्रेलिया), सह-कोषाध्यक्षमा ओम ज्ञवाली (चीन), प्रवक्तामा शम्भु कँडेल (अष्ट्रेलिया) चयन भएका छन ।

साथै कार्यकारी सदस्यहरूमा रजनीश भट्टराई (हङकङ), मनिषा श्रेष्ठ डंगोल (बेलायत), अमर सापकोटा (कतार), विकास दाहाल (कतार), एमके पौडेल (अमेरिका), निराजन खत्री (दुवई) र थर्कबहादुर कार्की (यूएई) चयन भएका छन ।

साधारणसभाले एसिया प्यासिफिकको क्षेत्रीय अध्यक्षमा रुस्तम श्रेष्ठ (मकाउ), यूरोपको क्षेत्रीय अध्यक्षमा राजेन्द्र कँडेल (स्पेन), मध्यपूर्वको क्षेत्रीय अध्यक्षमा विकास शाही (यूएई), उत्तर अमेरिकाको क्षेत्रीय अध्यक्षमा रोशन बुढाथोकी (अमेरिका)लाई चयन गरेको छ ।

हाल १० वटा देश अष्ट्रेलिया, अमेरिका, बेलायत, जापान, चीन, हङकङ तथा मध्यपूर्वको कतार, युएई, साउदी अरब, मकाउ र क्यानडामा सञ्जाल विस्तार गरिसकेको महासंघले सन २०२५ सम्ममा कम्तीमा २० वटा देशमा सञ्जाल विस्तार गर्ने निर्णय पनि गरेको छ ।

उद्यमीहरूको सशक्तिकरण गर्ने, उनीहरूलाई विभिन्न सञ्जालमा आबद्धता गराउने, उनीहरूको क्षमता विकास गर्ने, विभिन्न सम्मेलनमार्फत विचार आदानप्रदान गर्ने उद्देश्यले सन २०२१ डिसेम्बर ३ तारिख काठमाडौँस्थित याक एण्ड यति होटलमा महासंघ स्थापना भएको थियो ।

महासंघले सन २०२३ मा अलफ्ट होटलमा अन्तर्राष्ट्रिय उद्यमी समिट आयोजना गरेको थियो । स्थापनायता महासंघले नीति तथा पैरवी सम्मेलन, विभिन्न वेभिनार, टक शो लगायतको आयोजना गरिसकेको छ ।

महासंघले नेपाल र प्रवासी नेपाली ब्यवसायीको सम्बन्धमार्फत अन्तर्राष्ट्रिय स्तरमा सहकार्य गर्ने, विशेष गरी विदेशमा रहेका नेपाली व्यवसायीहरूसँगको सम्बन्ध विस्तार गर्ने, व्यापार व्यवसाय बढाउने, विचार आदानप्रदान गर्ने, नेपालमा लगानीका सम्भावना पहिचान र सहजीकरण गर्ने लगायतका उद्देश्य लिएको छ ।

विभिन्न व्यावसायिक सञ्जालमार्फत सल्लाह तथा परामर्श प्रदान गर्दै आएको महासंघले स्टार्टअप संस्कृतिको सुरुआत गर्दै नेपाल र अन्तर्राष्ट्रिय स्तरमा रहेका उद्यमीहरूलाई प्रोत्साहन गर्दै लगानीको अवसर समेत सिर्जना गर्दै आएको छ । यस्तै महासंघले माध्यमिक तहका विद्यालयका विद्यार्थीलाई युवा उद्यमीसँग जोडेर उद्यमशिलता तर्फ अग्रसर गराउने लक्ष्य राखेको जनाएको छ ।



# ग्लोबल आइएमई बैंकलाई **बेष्ट बैंक अवार्ड**




ग्लोबल आइएमई बैंक लिमिटेड ग्लोबल फाइनान्स म्यागाजिनको 'बेष्ट बैंक अवार्ड २०२४' बाट सम्मानित भएको छ। ग्लोबल फाइनान्स म्यागजिनले विश्वभरिका सर्वश्रेष्ठ बैंकहरू छनोट गरी सम्मानित गरेको हो।

बैंकको विश्वसनीयता, वित्तीय श्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरूको विकास, क्रेडिट रेटिङ्ग लगायतका मापदण्डहरूमा ग्लोबल आइएमई बैंक सन् २०२४ को लागि नेपालको उत्कृष्ट बैंक भएको हो। ग्लोबल फाइनान्स म्यागाजिनले अफ्रिका, एशिया प्यासिफिक, क्यारेबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्यपूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरूलाई सम्मान गरेको हो। ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखारहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन्।

---

# ईसेवा मनी ट्रान्सफर सञ्चालनको **चौथो वर्ष पूरा**

नेपालकै अग्रणी डिजिटल रेमिट्यान्स कम्पनी ईसेवा मनि ट्रान्सफरले आफ्नो कार्य थालनीको ४ वर्ष पूरा गरेको छ। यस रेमिट्यान्स कम्पनीले हाल संसारका २०० भन्दा बढी मुलुकबाट ४५ ओटा भन्दा बढी अन्तर्राष्ट्रिय रेमिट्यान्स साझेदारको सहायतामा नेपालमा रेमिट्यान्स भित्राउँदै आ इरहेको छ।

डिजिटल प्रविधिको माध्यमद्वारा हाल मुलुकका ५० भन्दा बढी बैंक तथा वित्तिय संस्थाहरू १३ हजार ८०० भन्दा बढी भुक्तानी केन्द्र तथा इसेवाका एक लाख भन्दा बढी क्यास प्वाइन्ट साथै इसेवा वालेटबाट सहजै उपभोक्ताहरूले ईसेवा मनी ट्रान्सफरको रेमिट्यान्स सेवाको लाभ उठाइरहेका छन्। यस रेमिट्यान्स कम्पनी आर्थिक वर्ष २०७९/८० मा रेमिट्यान्स भित्राउँन महत्वपूर्ण योगदान पुऱ्याएकोमा नेपाल राष्ट्र बैंकबाट पनि सम्मानित भएको छ।

चौथो वार्षिकोत्सवको अवसरमा बोल्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत अजेश कोइरालाले भने, "कार्य सञ्चालनको ४ वर्षमै ईसेवा मनी ट्रान्सफरले सुलभ, छिटो, विश्वसनीय र परिस्कृत सेवा प्रदान गर्दै




विदेशमा रहेका नेपालीहरूको मन जितेर पहिलो रोजाइ बन्न सफल भएकोमा हामी एकदमै खुशी र उत्साहित छौं। हाम्रो यस सफलताको श्रेय म सम्पूर्ण साझेदार, नियमनकारी निकाय, कर्मचारी, एजेन्ट, ग्राहकलगायत सम्पूर्ण शुभचिन्तकहरूलाई दिन चाहान्छु।"

# गणेशमान सिंह हस्पिटल र प्रभु बैंकबीच विशेष छुटको सम्झौता

ललितपुर, महालक्ष्मीस्थानस्थित गणेशमान सिंह मेमोरियल हस्पिटल एण्ड रिर्सच सेन्टर र प्रभु बैंक लिमिटेडबीच बैंकका ग्राहकलाई अस्पतालको सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ।

एक समारोहकाबीच गणेशमान सिंह मेमोरियल हस्पिटल एण्ड रिर्सच सेन्टरका अध्यक्ष दिपक प्रकाश बास्कोटा र प्रभु बैंकका प्रमुख बजार व्यवस्थापन अधिकृत रविन्द्र ढकालले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार प्रभु बैंकका सम्पूर्ण ग्राहकहरू, कार्ड प्रयोगकर्ताहरू, कर्मचारी तथा कर्मचारीका पारिवारजनले गणेशमान सिंह मेमोरियल हस्पिटलमा उपचार सेवा लिँदा अन्तरङ्ग तथा बहिरङ्ग सेवामा ओपिडि टिकट बाहेक रेडियोलोजी, प्याथोलोजी, फार्मेसी, फिजियोथेरापी र दन्त चिकित्सालय लगायतका सेवाहरूमा विशेष छुट प्राप्त गर्न सक्नेछन्।

हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकले नेपालभर ३०२ शाखा कार्यालयहरू, २८५ एटीएम साथै ७० एक्सटेन्सन काउन्टर मार्फत ग्राहकहरूलाई बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको छ।

# एनसेलले ल्यायो 'सधैं अन' योजना




एनसेलले फाइभजी भिजनमा आधारित हुँदै 'सधैं अन' नामक आकर्षक योजना घोषणा गरेको छ ।

'सधैं अन' नाम रहेको योजनाको औचित्य भनेको नेपाली ग्राहकहरूलाई व्यालेन्स सकिने डर नगरी डाटा चलाउने र डिजिटल भविष्यतिर डोऱ्याउनु रहेको एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशन जाब्योर कायुमोभले बताएका छन् ।

उनले 'सधै अन' मार्फत एनसेल ग्राहकहरूका व्यालेन्स खतम हुने समस्या समाधान गर्न प्रतिवद्ध रहेको र ग्राहकहरूका सुझावहरूलाई विधानमा राखेर डेटा प्याकहरूलाई सरल बनाउँदै पाँच दर्जन बढि त्यस्ता डेटा प्याकहरूलाई २० वटामा झारेको बताए ।

नेपाली ग्राहकको डेटा उपयोग गर्ने व्यवहारलाई विश्वका अन्य मुलुकहरू सरह बनाउँदै डिजिटलाइजेसनमा योगदान पुऱ्याउन योजनाको अवधारणा आएको भन्दै यो योजनाको अझ ठूलो उद्देश्य नेपाली ग्राहकहरूलाई फाइभजीका लागि तयार पार्नु रहेको पनि उनको भनाई छ ।

एनसेलको 'सधै अन' अन्तर्गत कम्पनीले बेसिक, बेस्ट र अनलिमिटेड गरि ३ वटा समूहमा ८ वटा विभिन्न आकर्षक प्लानहरू ल्याएको छ । यसमा ७ दिनको समयसीमा रहेको रु ९८ बाट सुरु हुने प्याक देखि २८ दिन समयावधि रहेको रु १४९९ पर्ने सम्मको विभिन्न प्लानहरू छन् । हरेक प्लानमा डेटा, अल नेपाल कल टक टाइम, अल नेपाल एसएमएसको बण्डलिङ्ग रहेको छ र ग्राहकलाई विद्यमान शुल्क भन्दा दुई गुणा सस्तो शुल्कमा उपलब्ध हुन्छ ।

यसका साथै 'सधै अन' सुचारु गर्ने ग्राहकले सामाजिक सञ्जाल प्रयोगको लागि निःशुल्क डेटा पनि प्राप्त गर्दछन् । उदाहरणका लागि यदि कुनै ग्राहकले रु ९९ को बेसिक प्लान सुचारु गरेमा २ जीबी डेटा, १ जीबी निःशुल्क सोसल मिडिया डेटा, ४९ मिनेट अल नेपाल कल टक टाइम र ४९ वटा अल नेपाल एसएमएस प्राप्त गर्नेछन् र यो ७ दिनको लागि मान्य रहनेछ ।

आफ्नो आवश्यकता अनुसार धेरै डेटा तथा टक टाइम प्रयोग गर्ने ग्राहकका लागि एनसेलले ठूलो भोल्युम भएको डेटा र अनलिमिटेड अल नेपाल कल टक टाइम रहेको प्लानहरू पनि ल्याएको छ । उदाहरणका लागि यस प्लान अन्तर्गत रु १४९९ को प्याक सुचारु गर्ने ग्राहकले १०० जीबी डेटा, १५ जीबी निःशुल्क सोसल मिडिया डेटा र अनलिमिटेड अल नेपाल कल टक टाइमको सुविधा लिन पाउँछन् । यो प्याक अन्तर्गतको सेवाहरू २८ दिनको लागि मान्य रहन्छ । ग्राहकले एष्ट्रिक्स १२३ ह्यास डायल गरि सजिलै आफ्नो आवश्यकता अनुसार कुनै पनि 'सधैं अन' प्लान लिन सक्ने एनसेलले जनाएको छ ।

# नबिल बैंकको प्रमुख कार्यकारी अधिकृतमा पुनः ढुंगाना

नबिल बैंकले प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुंगानालाई दोस्रो कार्यकालका लागि पुनः नियुक्त गरेको छ । बैंकको सञ्चालक समितिको बैठकले ढुंगानालाई थप दुई वर्षका लागि प्रमुख कार्यकारी अधिकृत पदमा पुनः नियुक्त गरेको हो ।

नेपाल राष्ट्र बैंक लगायत विभिन्न वाणिज्य बैंकको व्यवस्थापन तह तथा नेतृत्वदायी भूमिकामा रही २७ वर्ष भन्दा बढी बैंकिङ क्षेत्रको अनुभव बटुलीसकेका ढुंगानालाई कुशल नेतृत्व र कार्यशैलीकै कारण सञ्चालक समितिले थप दुई वर्षका लागि पुनःबहाली गरेको बैंकले जनाएको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्र तथा बैंकिङ क्षेत्रको विज्ञता तथा अनुभव समेत हासिल गरेका ढुंगाना पेशाले चार्टड



एकाउन्टेन्ट हुन । नबिल बैंकमा प्रमुख कार्यकारी अधिकृतको पद सम्हाल्नु पूर्व नेपाल बङ्गलादेश बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतका रूपमा १० वर्षसम्म नेतृत्व गरेको अनुभवका साथै त्यसअघि नेपाल क्रेडिट एन्ड कमर्स बैंकको महाप्रबन्धक तथा नेपाल राष्ट्र बैंकको निर्देशक पदमा रही कार्य गरेको लामो अनुभव समेत रहेको छ । ढुंगाना वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स संघको पूर्वअध्यक्षसमेत हुन ।

नबिल बैंकको प्रमुख कार्यकारी अधिकृतमा पुनः नियुक्त ढुंगानाको कुशल र सक्षम नेतृत्वमा आगामी दिनमा बैंकले विभिन्न वित्तीय सूचकांकहरूमा अग्रणी स्थान हासिल गर्दै थप उचाइ प्राप्त गर्ने आशा गरिएको जनाइएको छ ।



# चन्द्र ढकाललाई ‘कर्पोरेट एक्सिलेन्सी’ अवार्ड

नेपाल चार्टर्ड एकाउन्टेन्ट संघले उद्योग वाणिज्य महासंघ नेपालका अध्यक्ष चन्द्र प्रसाद ढकाललाई कर्पोरेट एक्सिलेन्सी अवार्डबाट सम्मानित गरेको छ। ढकाललाई एक कार्यक्रमबीच राष्ट्रपति रामचन्द्र पौडेलले सम्मानपत्रसहित खादा लगाएर सम्मान गरे।

काठमाडौंमा आयोजित भेषमा आर्थिक सम्भावना बढाउन संकट सम्बन्धी राष्ट्रिय सम्मेलनमा अध्यक्ष ढकाललाई देशको अर्थतन्त्र, रोजगारी सिर्जना, सामाजिक, आर्थिक विकासमा पुर्‍याएको योगदानको कदर गर्दै उक्त सम्मानबाट सम्मानित गरिएको हो। सम्मान ग्रहणपछि अध्यक्ष ढकालले राष्ट्रपतिबाट सम्मान लिने अवसर पाउँदा भावुक भएको बताए। उनले उक्त सम्मानले भविष्यमा अफ आफूलाई थप जिम्मेवार बनाउने प्रतिक्रिया दिए।

# हिमालयन बैंकद्वारा पर्सा प्रहरीलाई गोप्रो क्यामरा हस्तान्तरण



हिमालयन बैंक लिमिटेडले जिल्ला प्रहरी कार्यालय, वीरगंज, पर्सालाई तीन लाख सात हजार पाँच सय रुपैयाँ बराबरको चेस्ट स्ट्र्यापसहित पाँच थान गोप्रो हिरो १२ क्यामरा खरिद गरी हस्तान्तरण गरेको छ।

जिल्ला प्रहरी कार्यालयको अनुरोधमा पर्सा जिल्लामा शहरीकरण, सवारी चाप, लुटपाट, पाकेटमार, चोरी, आन्दोलन, बन्द, हड्ताल आदि जस्ता गतिबिधिहरूको निगरानी तथा रोकथाम गर्न बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सो सहयोग प्रदान गरेको जनाएको छ।

बैंकका प्रमुख प्रशासकीय अधिकृत पवन अग्रवाल र बैंकका मधेश प्रदेशका प्रदेश प्रमुख सागर कुमार रेग्मीले सहयोग स्वरुप सो क्यामरा प्रहरी उपरीक्षक कुमुद ढुङ्गेललाई एक समारोह को बीच हस्तान्तरण गरेका हुन। उक्त समारोहमा बैंकका तथा जिल्ला प्रहरी कार्यालयका अन्य कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो।

# राष्ट्रिय वाणिज्य बैंकका नवनियुक्त सीईओ खनालद्वारा पदभार ग्रहण



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सीईओ) देवेन्द्र रमण खनालले बैंक सञ्चालक समितिका अध्यक्ष दिलिपकुमार ढुङ्गानाबाट पद तथा गोपनीयताको शपथ लिएका छन्।

तत्कालीन सिइओ किरण कुमार श्रेष्ठ दुई कार्यकाल सकेर बिदा भएपछि बैंक संचालक समितिको बैठकले खनाललाई ४ वर्षका लागि सीईओमा नियुक्त गर्ने निर्णय गरेको थियो।

पदभार ग्रहणको अवसरमा नवनियुक्त सीइओ खनालले सरकार, राष्ट्र बैंक तथा बैंकले लिएको नीतिको कार्यन्वयन गरी नागरिकमा गुणस्तरीय सेवा प्रवाह गर्दै सबै सरोकारवालाले पाउने हिस्सामा बृद्धि हुने गरी कार्य गरिने बताए।

खनाल यसअघि बैंकको का.मु. प्रमुख कार्यकारी अधिकृत थिए। २०६४ सालमा चार्टर्ड एकाउन्टेन्टको रुपमा प्रवेश गरेका खनालले व्यवस्थापनमा स्नातकोत्तर तथा कानूनमा एलएलबी तहको अध्ययन पूरा गरेका छन्।

कार्यक्रममा बैंकको सीइओ नियुक्त भएका खनाललाई बैंक सञ्चालक समिति, व्यवस्थापन समिति तथा बैंकमा क्रियाशिल ट्रेड युनियनका अध्यक्षहरूले बधाई तथा शुभकामना ज्ञापन गरेका थिए।

यस अघि रिक्त रहेको बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा खुल्ला प्रतिस्पर्धाबाट छनौट गरी नियुक्त गर्नका लागि बैंकले दरखास्त आवेदन माग गरेकोमा २० जनाले आवेदन दिएका थिए। जसमध्ये ५ जनाको नाम सर्ट लिस्टमा परेकोमा खनाल छनोट भएका हुन्।

# हुन्डाई मोटर एसेम्बलिङको शुभारम्भ

## लगानी सहजीकरण गर्न सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्योगी-व्यवसायी लगायत लगानीकर्ताको मनोबल उच्च राख्दै देशको आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

लक्ष्मी मोटर कर्पोरेसनको 'हुन्डाई मोटर एसेम्बलिङ' शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले आर्थिक विकास गरेर देशलाई समृद्धिको यात्रामा आगाडि बढाइने बताए । निजी क्षेत्रलाई विश्वासमा लिएर अर्थतन्त्र सुदृढीकरण गरिने बताउँदै प्रधानमन्त्रीले लगानी सहजीकरण गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

'निजी क्षेत्रको लगानी एवं राज्य र निजी क्षेत्रको सहकार्यबिना देशको अर्थतन्त्र सवल हुन सक्दैन, उत्पादकत्व वृद्धि हुन सक्दैन, रोजगारीका अवसरहरू सिर्जना हुन सक्दैनन्,' प्रधानमन्त्री प्रचण्डले भने, 'देशभित्र लगानीको वातावरण निर्माण गर्न, निजी क्षेत्रलाई प्रवर्द्धन गर्न, लगानीका क्षेत्रहरूको सुरक्षा र सहजीकरणका निम्ति सरकार हरदम साथमा छ ।'

यो नयाँ उद्योग सञ्चालनमा आएपछि नेपालमा औद्योगिक वातावरणका निम्ति स्वदेशी एवं विदेशी लगानीकर्ताहरूलाई थप आकर्षित गर्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले औद्योगीकीकरणसँगै आयात प्रतिस्थापन हुने र सयौँ दक्ष एवं अर्धदक्ष कामदारहरूका निम्ति रोजगारी प्राप्त गर्ने बताए ।

नेपालमा नै एसेम्बलिङ गर्दा उपभोक्ताले सहुलियत मूल्यमा सवारीसाधन खरिद गर्न पाउनुका साथै आन्तरिक स्रोत एवं विद्युत खपत, स्थानीय विकासमा साझेदारी र कूल गार्हस्थ उत्पादनमा समेत सकारात्मक योगदान पुग्ने प्रधानमन्त्रीको भनाइ छ ।

प्लान्टको उदघाटन गर्दै प्रधानमन्त्रीले नेपालीले सस्तोमा गाडी चढ्न पाउने विश्वास व्यक्त गरे । प्रधानमन्त्री नवलपरासी रामग्राम-६ मा रहेको एसेम्ब्ली प्लान्टमा पुगेर हुन्डाईको एसेम्बल गाडी पनि चढे । लक्ष्मी मोटर्सका अनुसार प्लान्टबाट पहिलो चरणमा भेन्यू गाडी उत्पादन भएको छ ।

प्रधानमन्त्रीले पहिलो उत्पादित भेन्यू गाडी चढेका हुन् । बजारको माग अनुसार नयाँ मोडलका गाडीहरू उत्पादन हुने कम्पनीले जनाएको छ ।

# सिटिजन्स बैंक र दुषित प्रिन्सेसबीच सम्झौता



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको लाजिम्पाटस्थित दुषित प्रिन्सेस काठमाडौंबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारी पछि सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले दुसित प्रिन्सेस काठमाडौंमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास लिएको बैंकले जनाएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

सिटिजन्स बैंकले देशैभरी रहेका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टी.एम. र ९८ वटा शाखारहित बैंकिङ्ग ईकाईहरूबाट १७ लाख ३८ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

# बिजुलीको लीला

**बिजुलीले सबै सामान अर्डर गरेपछि आफ्नो डायरीमा चिनो लगायो । सबै सामान पुगे यो पटकको सपिङका लागि । पछि थाहा भो –बिजुली आएर त्यत्तिकै फर्की कर्मथलोमा । अहिलेसम्म उसको फोन उठ्दैन । यस्ता अनुहार कत्ति होलान्?**



युवराज नयाँघरे

बिजुली कुमारीको मन अशान्त छ अहिले ।

उसले बिहानै धरानमा फोन गरी-'साइँला, एक महिनापछि म गाउँ आउँछु । घर सबै सरसफाइ गरिराख्नु ल । रंगरोगन पनि गरिराख्नु है ।'

साइँलाले खुरुखुरु काम गऱ्यो ।

घाँसपात खुर्कीखार्की गऱ्यो । झ्याम्म परेका रुख बिरुवा काटछाट गऱ्यो । घरको पेटी टालटुल गऱ्यो ।

घर पछाडिको बारीका बिरुवालाई माटो दिएर राम्रो बनायो । घर अगाडिको बाटो पनि सम्यायो ।

बर्खाको पानीले सबै बिगारेको करेसाबारी-त्यो पनि मिलायो ।

'बिजुली आउँली र मज्जाले ज्याला उठाउँला ।'

हर्कबहादुरले यस्तै सोचिरहेथ्यो ।

बिजुली कुमारीले इलामतिर फोन गरेर भनी-'जेठा, लौन मलाई पाँच किलो अकबरेको अचार बनाइराख्नु ।'

'सुख्खा कि काँचै?'

'सुकाएको भए राम्रो । काँचो अलिक बिग्रिन्छ होला । फरक नपरोस् नि । म त पुरै भर पर्छु नि है जेठा । फेरि अचार पाइँन भने त म बेस्सरी रिसाउँछु नि है । सुन्या त हो नि जेठा ।'

'भो नकराऊ सुनेँ ।'

त्यसपछि कम्मर कसेर जेठा काममा जुट्यो । पन्ध्र किलो जति हरियो, पाकेको, अकबरे खुर्सानी भेला पाऱ्यो गाउँबाट । सबैबाट भेला पारेको खुर्सानी कहिले अगेनामाथि, कहिले घामको राप माथि, कहिले छायाँमा राखेर सुकाउन लाग्यो ।

'हामीले कहिले पाउँछौ पैसा खुर्सानीको?'

माइजुले जेठालाई भनिन् ।

'बिजुली आउँदै छे पैसाको बिटो बोकेर इजरायलबाट । अनि चाइँदोसँग माग्नु नि है माइजू ।'

साँझ बिहान केही नभनी जेठाले खुर्सानी सुकायो । दुईवटा ठूला-ठूला बट्टामा मज्जाले खाँदेर राख्यो ।

'बिजुली कहिले आउली । यो खुर्सानी लगेपछि मेरो मन नि हलुँगो हुन्थ्यो । ओहो गाउँभरिको अझै पाँच-छ हजार पनि पो मैले तिर्नुपर्छ खुर्सानीको पैसो ।'

बिजुलीले हनुमानेलाई विराटनगरमा फोन गरेर थर्काई -'म अर्को महिनासम्म आइपुग्छु । मेरो एउटा किताब छाप्न के गर्नुपर्छ?'

'लेखेर पठाऊ न म यताबाट सघाउने कुरा सघाइहाल्छु नि ।'

'भ्याइन्छ नि?'

'नभ्याएर हुन्छ त ! बरु छिटो लेखेर पठाउनु ।'

'मेरो आन्द्रा भुँडी तिमीलाई थाहै छ नि । आफै यसो कोरकार गर न । राम्रो बनिहाल्छ नि किताब । के लेख्ने, कस्तो लेख्ने, काँ छपाउने, कति छपाउँने सबै तिमीलाई आइहाल्छ । बरु हिट हुनुपर्छ है बुक चाँहि । सबै उमेरकाले सजिलै पढ्न मिल्ने गरी छपाउनु है । अक्षर पनि अलिक ठूला-ठूला, मोटा राख्नु है । त्यो विमचन कि लकरपन- के भन्छ नि -गर्ने परिबन्दख मिलाउनु । म विराटनगर ओर्लेकै दिन गर्नुपर्छ है । पैसाको फिक्री नगर्नु । म आउनासाथ फरफारक गरिहाल्छु नि डियर हनुमान ।'

उसको कुरा सुनेपछि हनुमाने घोत्लिन थाल्यो ।

'के ताल हो तिम्रो? खानको ठेगान न सुत्नको । रातोदिन किताव र कपीको छेउमा बसेर घोत्लिरा छौ त !'

स्वास्नीले हप्काई ।

तैपनि हनुमान चटपटाएन । ऊ कोठाबाट कम निस्कन्थ्यो । आधारात सम्म ध्यान मग्न हुन्थ्यो ।

पन्ध्र दिनमा ऊ बिरामी जस्तो भएर निस्कियो । बाहिर निस्किँदा दाऱ्ही जुँगा झ्यापझ्यापी थिए । अनुहार पहेंलो थियो । शरीर गन्हाउने भएथ्यो ।

त्यसपछि उसले पाँच सय पेजको मोटो कापी प्रेसमा छाप्न पठाएर भन्यो- 'आँसुले लेखेका अक्षरहरू ।'

कपीको बाहिर लेखिएको थियो -कविता संग्रह, आँसुले लेखेका अक्षरहरू । रचनाकार बिजुलीकुमारी शर्मा ।

बिजुलीले पोखरामा फोन गरी । त्यहाँका सुग्रीव गुरुङलाई फोनमा अलिक कडासँग हप्काई -'गुरु मेरो चिनाटिपन राम्रोसँग हेरिदिनु । तपाईले खेलाँची गर्दा म निकै बिरामी भएँ । यो पटक प्रसाद खान मात्र आइपुग्छु म । जसरी हुन्छ -बेलामा होम र सानोतिनो सप्ताह नै लगाइदिनु है ।'

'टापटिपे काम नगर्नु । बरु भ्याइन्छ भने मुक्तिनाथतिर गएर मेरी आमाको सराद्धे पनि गरिदिनु । कुनै काम बाँकी नराखिदिनु है । पछि फेरि मैले गाली गर्ने ठाउँ बाँकी रहला । त्यो चैं ख्याल गर्नु बुझ्नु भो गुरु ।'

भोलिपल्टदेखि गुरु खबै खटे ।

एकजना कर्ता स्थापना गरी काम गर्न थाले । ४-५ दिनपछि मुक्तिनाथ पुगेर बिजुलीकी आमाको श्राद्ध पनि गरिदिए । भ्याई नभ्याई भयो उनलाई । कामको चटारोले उनी थला परे । छातीमा घ्यार घ्यार भयो ।

पाँच हजारको त औषधि नै खाए । एन्टिबायोटिक

र खोकीको । उनी नराम्ररी नै गले । एकहप्ता पुरै ढलेपछि तंग्रिए अनि फोन खेलाउँदै भने -'बिजुली छिटो आउँ है । यता त सबै उघारोमा काम चलाईदिएको छु । चाँडो आएर तिरोतारो गर्ने काम गर ।'

हनहनी ज्वरो आएकाले श्रीमतीले गुरुलाई पानीपट्टी दिएर सुताईन् ।

बिजुलीले काठमाडौंकी सुन्दरी व्युटीपार्लरमा फोन गरेर भनी -'बैनी म छिटै आउँदै छु । मलाई एकहप्ता पुरै तिम्रो केयरिङ चाहिन्छ । मेरो सारा बडी मसाज गर्नु छ । कपाल कर्ली गरेर फेरी स्ट्रेट गर्नु छ । त्यसपछि मेरो अनुहारमा विभिन्न स्टेपको मसाज पछि मेकअप गरिदिनु पर्ने छ ।'

'दिदिको एक्ज्याक्ट टाइम पाउँन त !' व्युटी पार्लरबाट सोधपुछ भयो ।

'म आउन ठ्याक्कै एक महिना चार दिन छ । आएर सरासर ब्याग होटलमा राख्छु । त्यसपछि म त्यहीँ आउँछु । न्युरोडमा अलिकति सपिङ छ । त्यो बेलुकीदेखि लगातार मेरो केयरिङ गर्नु होला ।'

'पोहोर आउँदा लगाएका क्रिमिहरू अलिक पुराना थिए कि ! न त डेट एक्सपाएर थिए कि ! मेरो निकै दिनसम्म छाला चिलाएर हैरान भयो । यो पटक इन्टुमेन्ट र क्रिमहरू सबै फेरफार पार्नु है ।'

'म त पैसा पनि राम्रो तिर्छु । सर्भिस पनि दामी दिनुपर्छ मलाई । त्यो बस्ने सिटको खोल पनि फेर्नु है बैनी । मलाई त अरु बसेको सिट पनि अलिक एलर्जी हुन्छ । राम्रोसँग धोइधाई गर्नु नि ।'

पार्लरकी बैनीले उसका कुरा ध्यान दिएर सुनी र भनी -'कमाई कति हुने हो थाहा छैन । बिजुली दिदिको फर्माइस कडा भयो । उनलाई खुशी पार्ने हो भने तीस हजार मैले ठाउँका ठाउँ फेर्नु पर्ने भयो । यसरी के उँभो लागिएला र खै ।'

बिजुलीले बनेपातिर फोन गरेर ज्वेलर्सको साहुलाई पनि एकपटक सातो लिई -'ओ साहु । कति दिनदेखि फोन गरिराछु । किन नउठाएको?'

'अब बल्ल फोन उठेको छ - ध्यान दिएर सुन्नु । यो पटक रित्तो हात फर्किनु नपरोस् । मलाई यो पटक पुराना गहना लाउन मन छ । एउटा ठूलै बुलाकी, काँडे फुली, काँडा ठूलठूला भएको नौगेडी, मुन्द्री, चन्द्रहार बनाइदिनु । सुन्नु त पाँच तोलाको छड्के तिलहरी बनाइदिनु । पोते चैं राम्रो होस् है, नचुँडिने लुङ राख्नु नि पोतेको । माइली तिलहरी पनि बनाउँदा हुन्छ । मलाई बेला-बेलामा त्यो नि लाउनु छ ।'

'अनि सुन्नु त -एउटा तीन तोलाको रानी हार लाउनु छ । त्यो पनि राम्रो डिजाइनको बनाइदिनु है । अनि हीराको राम्रो फुली पनि बनाउनु होला । एउटामा हरियो र अर्कोमा रातो इयुँ राखेर बनाइदिनु ।'

बिजुलीले फेरि पनि भनी -'पाउजु चाहिएको छ । २ जोर पाउजु बनाएर राखि राख्नु । मन परे दुबै लिन्छु - मन नपरे एक जोर त लिन्छु-लिन्छु । दुबै लिन हुने गरी बनाइराख्नु ।'

सुन पसलेले निकै मिहिनतले सबै गहना बनायो । अरु कालिगढ पनि थप्यो । धेरै गरगहना भएपछि समय पनि लाग्ने नै भयो । सावधानी नि चाहियो ।

सुन साहुले सामान एकै ठाउँमा राख्दै भन्यो -'यी गहना लाउने कि सजाउने? गहना लाउने त भोकै पर्दैन भन्छन् ।'

उसैले फेरि भन्यो -'बिजुली आइन भने मलाई त निकै नोक्सान पर्छ । सामान त रहला तर ज्याला र मिहिनतले जोड्दा मात्रै नि पाँच लाख नोक्सानी हुन्छ नि केटो त !'

अनि आफैं जिब्रो टोक्यो ।

बिजुली कुमारीले इन्द्रचोकको कपडा पसलेलाई फोन थिची । नथमल बिहारीसँग उसले कपडा किनेको पनि धेरै वर्ष भयो । बाह्रवर्षदेखि ऊ इजरायल बसेपनि यतैको लुगा लाउँछे ।

बिजुलीले भनी -'बिहारी साहु, तीन हप्तापछि म काठमाडौं आइपुग्छु । मलाई सिजनको हरीया, खैरो र रातो गरी ३ वटा साडी राखिदिनु । बनारसी बुट्टा गरेको दुईवटा साडी प्याक गरिदिनु । पुजाका लागि चारवटा राता, कलेजी र पहेंला कटनका धोती राखिदिनु ।'

उसले अरुपनि थपी -'कुर्ता दुईजोर, लेहँगा तीन जोर र १० वटा जति ब्लाउजका कपडा ठीक पारिदिनु । सबै कपडा एकदमै ब्रान्डेड छन् नि । थोरै मात्र यताउता परे भने म त पैसै दिन्न फेरि अनि पेटीकोट, फल्स सबै सेट मिलाएर राखिदेउ । म सँग मोलमोलाई गर्ने फुर्सद पनि हुँदैन । सामान्य रङ हेरेर ओके गरिदिन्छु ।'

बिजुली बोलिरहेकी थिई -'बिहारी साहु, पाँच-छ वटा ढाकाको खास्टो र त्यस्तै बुट्टा भएको प्रिन्टेड धोती पनि राख्न नबिर्सनु नि । फेरि मैले गाली गर्नु नपरोस् -भनेका सामान नपाउँदा ।'

साहु जिल्लाराम परिरहेको थियो ।

बिजुलीले सबै सामान अर्डर गरेपछि आफ्नो डायरीमा चिनो लगायो ।

सबै सामान पुगे यो पटकको सपिङका लागि ।

पछि थाहा भो -बिजुली आएर त्यत्तिकै फर्की कर्मथलोमा । अहिलेसम्म उसको फोन उठ्दैन । यस्ता अनुहार कत्ति होलान्?

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# आफ्नै मनले आफ्नो उद्धार गरौँ

**सबैभन्दा महत्वपूर्ण कुराचाहिँ आफ्नो खुशी स्वयंले आफैँबाट खोज्नुपर्छ। जीवनमा जस्तोसुकै समस्या आए पनि जीवन त गएको छैन नि ! जीवन रहेसम्म सबै सम्भावना रहन्छ भन्ने मुलमन्त्र जप्यो भने मानिस निराश भए पनि आफैँ आशावादी हुनसक्छ। मृत्यु बिकल्प होइन बिकल्प त जीवन हो।**



**शम्भु सुस्केरा**

मनोविज्ञका अनुसार आत्महत्या एक जटिल मानसिक स्वास्थ्य समस्या हो। धेरै कुराहरू मिलेर मानिसलाई आत्महत्या गर्न प्रेरित गर्दछ। भावनात्मक पीडा, निराशा र मूल्यहीनताको महसुस, मानसिक विकारहरू जस्तैः उदासिनता, चिन्ता र सामाजिक एक्लोपन आदिले व्यक्तिको आत्महत्या गर्ने निर्णयमा सहयोग गर्दछन्।

दुर्व्यसनी र परिवार, आफन्त वा छिमेकमा आत्महत्याको इतिहास छ भने पनि कारण यस्तो हुनसक्छ। आत्महत्या एक विश्वव्यापी मानवीय घटना हो। मानिसको उमेरको जुनसुकै अवस्थामा पनि यो अवस्था आउन सक्छ। आत्महत्या व्यक्तिगत कारणबाट मात्र नभइ वातावरणीय कारणहरूबाट पनि हुन्छ भनिन्छ।

नेपालमा दैनिक औसतमा १६ जनाले आत्महत्या गर्ने र त्यसमध्ये युवा तथा किशोर-किशोरीको संख्या बढी छ। विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो तथ्याङ्कले नेपाल धेरै आत्महत्या हुने मुलुकहरूको सूचीमा परेको देखाउँछ। नेपाल प्रहरीको तथ्याङ्कअनुसार वार्षिक ५ हजारभन्दा बढीले आत्महत्या गरेका छन्। विश्वमा हरेक ४० सेकेण्डमा एकजनाले आत्महत्या गर्दछन्।

वैदेशिक रोजगारीमा गएका नेपालीहरूको अध्ययन गर्दा पछिल्ला १६ वर्षको वैदेशिक रो जगारीको इतिहासमा करिब ११ हजार मानिसले ज्यान गुमाए। त्यसको झण्डै १३ प्रतिशतले आत्महत्याबाट ज्यान गुमाएको बिबिसीको एक अध्ययनले बताउँछ।

किन आत्महत्या गर्छन् त वैदेशिक रोजगारीमा गएकाले? त्यहाँ झेल्ने समस्या र समादानको उपाय एवं सहयोगीहरू नभेट्दा उनीहरूले आत्महत्या गर्ने गरेका छन्।

आत्महत्याको अर्को कारण परिवारसँगको दुरी र बेमेल पनि हो। अझ आफू विदेशमा हुने अनि यता श्रीमतीले आफ्नो सबै कमाइ सकिदिने र अर्कैसँग विहे गरिदिने कतिपय घटनाले पनि पुरुषले आत्महत्या गरेका छन्। र यो समस्याबाट महिलाहरू पनि गुज्रिएका छन्।

ऋणको भार, काम नपाएको वा भनेजति कमाइ नभएको, लामो समय विदेशमा बस्दा पनि सोचेजति कमाइ नभएका कारण पनि आत्महत्या गर्ने गरेका छन्। उतैतिर नयाँ सम्बन्ध बनाउने र नसोचेको समस्या उत्पन्न हुने कारण पनि कतिपय आत्महत्याका घटना हुने गरेका छन्।

आत्महत्या जस्तो जटिल समस्या समाधानका लागि नेपालमा विभिन्न सामाजिक संस्थाहरूले काम गरिरहेका छन्। तर वैदेशिक रोजगारीमा समय व्यवस्थापन र भाषिक समस्याका कारण यस्ता सहयोगबाट बञ्चित भएका हुनसक्छन्।

व्यक्तिगत, पारिवारिक, सामाजिक, व्यावसायिक अनेक विषयले तनाव सिर्जना भयो र आत्महत्या गर्न मन लाग्यो भने अरुले कसरी बुझ्ने र स्वयंले आफ्नो उद्धार कसरी गर्ने त?

गीताको छैटौँ अध्यायमा पूर्णरुपमा ध्यानयोगको बारेमा चर्चा गरिएको छ। उक्त अध्यायको छैटौँ स्लोकमा भनिएको छ कि आफ्नो मनको सहायताद्वारा आफ्नो उद्धार गर। यो महत्वपूर्ण कुरा हो। योग र ध्यानबाट तनाब र मृत्युलाई रोक्न सकिन्छ। यसमा आफ्नो सबैभन्दा ठूलो सहयोगी आफैँ हो। यसका अलावा मनोविज्ञहरूको सहयोग पनि लिन सकिन्छ।

आफ्नो कुरा सुनिदिने व्यक्ति र समुदायको खोजी पनि महत्वपूर्ण हुन्छ। सामाजिक घुलनसिलताले पनि मानिसलाई तनावबाट बाहिर निस्किन सहयोग गर्दछ। आफ्नो जीवनको लक्ष्य र परिवारिक दायित्वले मानिसलाई आत्महत्यासम्म लैजान सक्छ भने प्रतिष्पर्धी भएर सोच्ने र अठोट गर्ने हो भने आत्महत्याबाट निकाल्ने एक उपाय पनि हुनसक्छ।

माथि भनिएका उपायहरू स्वयंले कुनै न कुनै तवरबाट आफूलाई बचाउन गरिने प्रयत्नहरू हुन्। आफ्नै प्रयासबाट आत्महत्याको बिकल्प खोज्न सकिन्छ। तर जब व्यक्तिले आफूलाई उद्धार गर्ने उपाय भेट्दैन वा मृत्युको बिकल्प देख्दैन अरुले कसरी उसलाई सहयोग गर्ने यो महत्वपूर्ण कुरा हो। र जटिल पनि हो किनकि उसले आफूलाई भएको समस्या पनि बताउँदैन।

यस्तो अवस्थामा उसको समस्या थाहा पाएर कसरी सहयोग गर्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ।

व्यक्तिले आत्महत्या गर्ने योजना बनाउँदैछ भनेर सामान्य मानिसले कसरी थाहा पाउने? यो सजिलो छैन ।

कसैकसैले त मरुमरुजस्तो लाग्दैछ भनेर पनि भनेको सुनिन्छ । यसो भयो भने त उसको उद्धार गर्न सहज हुन्छ, तर कसैले त आफ्नो दुःख पनि बाँड्दैनन् । यस्तो अवस्थामा पनि उसको व्यवहारहरूबाट लक्षण थाहा पाएर सहयोग गर्न सकिन्छ ।

यस्ता व्यक्तिको सोचाइ र व्यवहार नै फरक हुन्छ । उसले हरेक असफलताको कारण आफूलाई ठान्छ । मैले गर्दा सबथोक बिग्रियो भनिरहन्छ । हरदम उसको सोच नै नकारात्मक हुन्छ । घरपरिवार, आफन्त साथीभाइ सबैसँग सधैँभन्दा बढी रिसाउँछ । एक्लै बस्ने, रुने वा एकोहोरिने आदि हुनसक्छ ।

व्यक्तिका यस्ता अनौठा व्यवहारहरूबाट बुझेर सहयोग गर्न सकिन्छ । यो मान्छे रिसायो, मलाई गाली गर्‍यो भन्ने सोचेर हामी उसँग दुरी बढाउँछौँ । उसको सधैंको बानी हो वा पहिलेभन्दा फरक हो । किन आजकाल यस्तो व्यवहार गर्दैछ बुझेर सहयोग गर्न सकिन्छ ।

व्यक्ति स्वयंलाई पनि आफ्नो फरक व्यवहार थाहा हुन्छ । तर यसको उपचार गर्नुपर्छ । उपचार हुन्छ भन्ने कुरा थाहा नहुँदा वा अरुलाई भन्न नसक्दा समस्या झेलिरहेको हुनसक्छ ।

वैदेशिक रोजगारीमा जानु भनेकै एकप्रकारले पीडा हुनु हो । परिवार, आफन्त, देश सबै छाडेको छ । बिरानो मान्छे, बिरानो



भाषा, बिरानो काम यसले तत्काल समस्या सिर्जना गरिहाल्छ । यस्तो अवस्थामा आफूसँग गएका साथीहरू, सँगै काम गर्ने साथीहरू नै आफन्त वा साथी हुन् । उनीहरूलाई परेको समस्या र अप्ठ्यारोमा आफूले सहयोग गर्ने गरियो भने उनीहरूले पनि आफ्नो अप्ठ्यारोमा सहयोग गर्दछन् । यसरी पनि व्यक्तिले विदेशमा सहयोगी साथीभाइ र सहयोगी समाज निर्माण गर्नसक्छ र हर समस्यामा साथ लिन सक्छ ।

त्यसरी सहयोग आदानप्रदान गरेकै पनि देखिन्छ । सँगै बस्ने साथीहरूले आ-आफ्नो मासिक कमाई एकठाउँ मिलाएर पालैपालो घर पठाउने गरेको पनि पाइन्छ । धेरैजनाको कमाइ जुटाउँदा हुन आउने अलि ठुलै रकमले घरको गर्जो पनि टर्छ । एकता, भाइचार पनि बढ्छ र हरेक समस्यामा साथ पनि रहन्छ ।

तर यस्तो विश्वासको अवस्थामा भएका केही धोकाहरू अपवाद हुन सावधानी चाहिँ रहनैपर्छ । सबैभन्दा महत्वपूर्ण कुराचाहिँ आफ्नो खुशी स्वयंले आफैँबाट खोज्नुपर्छ । जीवनमा जस्तोसुकै समस्या आए पनि जीवन त गएको छैन नि ! जीवन रहेसम्म सबै सम्भावना रहन्छ भन्ने मुलमन्त्र जप्यो भने मानिस निराश भए पनि आफैँ आशावादी हुनसक्छ ।

मृत्यु बिकल्प होइन बिकल्प त जीवन हो ।




# नेपालको पहिलो चारु




● हरिराम पौडेल

*तिम्ले छोडी गए नि रङ्गमञ्चमा खट्न सक्छ*
*परेलीको पानी पिई सारा जीवन काट्न सक्छु*

यी हरफहरू लक्ष्मीप्रसाद मिश्रले लेखेका 'चारु' का हरफहरू हुन् । यो 'चारु' बबिना भट्टराईको स्वर तथा संगीतमा रेकर्ड भई पोखरामा सम्पन्न नेपाल भारत साहित्य महोत्सव र इमेज एफ.एम. ९७. ९ को प्रस्तुति 'मेचीदेखि महाकालीसम्म' मार्फत सार्वजनिक गरिएको छ भने 'चारु' को भिडियो बबिना भट्टराईको अफिसियल युट्व च्यानलबाट सार्वजनिक गरिएको छ ।

चारुका लेखक मिश्रले यो चारुलाई नेपालको सांगितिक इतिहासमा पहिलो रेकर्डेड 'चारु' भएको बताएका छन् । उनी भन्छन् 'नेपालमा स्वतन्त्र गजल त धेरै रेकर्ड भए तर स्वतन्त्र गजललाई 'चारु' नामाकरण गरिएपछि औपचारिक रुपमा नेपाली सांगितिक क्षेत्रमा चर्चा बटुल्दै गरेकी बबिना भट्टराईको स्वर र संगीतमा म्युजिक नेपालको स्टुडियोमा २०८० फागुन ०८ गते रेकर्ड भएको यो 'चारु' नै संगीतवद्ध र स्वरवद्ध भएर रेकर्ड भएको पहिलो 'चारु' हो ।'

यहि दाविका साथ नेपाल भारत साहित्य महोत्सवमा उनको यो 'चारु' सार्वजनिक भइरहदा धेरैले उत्सुकता जनाएका थिए । उनको यो दाविलाई चारु विधामा विद्यावारिधि गरेका तथा चारुका प्रवर्तक समेत रहेका डा. देवि पन्थीले पुष्टि गरेका छन् । उनले भनेका छन् 'लमजुङका चारुकार लक्ष्मी प्रसाद मिश्रको शब्दमा गायिका तथा संगीतकार बबिना भट्टराईको स्वर र संगीतमा रेकर्ड भएको 'चारु' नै नेपालको सांगितिक इतिहासमा पहिलो रेकर्ड भएको 'चारु' हो ।'

पहिलो 'चारु' लेखेर चारुकार लक्ष्मी प्रसाद मिश्र तथा पहिलो 'चारु' मा स्वर र संगीत दिएर बबिना भट्टराईले नेपाली 'चारु' को इतिहासमा आफ्नो नाम स्वर्णाक्षरले लेखि अमर गरेका छन् ।'

### चारु र गजलका विषयमा डा. पन्थीको भनाई

चारु संस्कृत शब्द हो । यसको अर्थ सुन्दर या मनोहर हुन्छ । चारु उभयलिङ्ग शब्द हो भने गजल स्त्रीलिङ्ग शब्द हो । गजल (ग+ज+अल) को अर्थ नारीसँग प्रणयका कुरा हुन्छ भने चारुको प्रयोगात्मक अर्थ पुरुषसँग प्रणय, सहमति र विमतिका कुरा हुन्छ । यहाँ फराकिलो अर्थमा बेबहरका गजललाई चारु नामले परिभाषित गरिएको छ । गजलको स्वाद र फर्म्याटमा रचिएका या बेबहर लेखिएका या बहरमा लेख्ने प्रयास गरिएका तर बहर या गजलको विषयवस्तु नमिलेका, चमत्कारी शेर बन्न नसकेका या गजल बन्न नसकेका तर गहन भाव बोकेका रचनालाई सजिलोका लागि 'चारु' भनिन्छ । बहरलाई छोडेर छन्दमा लेखिएका रचना पनि 'चारु' हुन् ।

### बहर र छन्दमा के फरक छ?

बहर शब्दको उच्चारणको आधारमा र छन्द अक्षरको आधारमा निर्धारित हुन्छ । जस्तैः 'असल' बहरमा अ-सल (१२) हो भने छन्दमा अ-स-ल (१११) हो । यसबाहेक बहरमा मात्रा मिलावट, मात्रा चढावट, मात्रा गिरावटका नियम पनि छन् । बहर गजलमा अनिवार्य छ तर चारुमा अनिवार्य छैन ।

### राग के हो ?

राग संस्कृत शब्द हो । कुनै बस्तु, स्थान या व्यक्तिप्रति व्यक्त पवित्र प्रेम, मोह, स्नेह, लगाव राग हो । गजल र चारुमा व्यक्त प्रेम यौनाकांक्षी प्रेम हो भने रागमा व्यक्त प्रेम पवित्र प्रेम हो । मातापिता, दाजु, भाइ, वैनी, गुरु शिष्य, मित्र आदिबीच र जेष्ठ नागरिक, मातृभूमि, इश्वर आदिप्रति व्यक्त प्रेम, स्नेह, श्रद्धा, श्रद्धाञ्जली आदि राग हो ।

### विराग के हो ?

विरागमा व्यंग्यका साथै सामाजिक विकृति, विसङ्गती, बेथिति, असन्तुष्टि, युद्ध, हिंसा, विद्रोह, भ्रष्टाचार, बलात्कार, आन्दोलन, अन्याय, अत्याचार आदि विषयवस्तुले प्राथमिक स्थान पाउँछन् ।

### रागविराग

गजल, चारु, राग र विरागको मिश्रण रागविराग हो । विभिन्न थुङ्गा या शेरमा अलग अलग विषयवस्तु समाविष्ट भएको भए त्यो रागविराग हो । यो साहित्यको मिश्रणवाद सिद्धान्तमा आधारित छ ।

एउटै शब्दमा सजिलोका लागि चारु भन्दा हुन्छ । जसरी प्रारम्भमा गजलको वर्गीकरण गरेर मुसलसल गजल या गैर मुसलसल गजल भनिएको थियो त्यसरी नै चारुलाई राग, विराग या रागविरागमा वर्गीकरण गरिएको छ । गजलमा मुसलसल या गैर मुसलसल के हो भनेर छुट्याए जस्तै चारुमा राग, विराग, रागविराग के हो छुट्याउने काम समालोचकको हुने छ । सर्जकले चारु लेखे पुग्ने छ ।

### चारु र गजलमा फरक

१. गजल अनिवार्य बहरमा (फारसी छन्द र लय) मा कहिन्छ भने चारु हाम्रो आफ्नै छन्दमा (संस्कृत, नेपाली, हिन्दीमा प्रयोग हुने) लेखिन्छ, पढिन्छ, गाइन्छ ।

२. गजलमा प्रयोग गरिने सबै प्राविधिक शब्द (गजल, बहर, मतला, उला, सानी, मक्ता, काफिया, रदिफ, शेर आदि) फारसी शब्द हुन् । यी शब्द नेपाली, संस्कृत, हिन्दी शब्दकोशमा छैनन् । चारु विधामा यी प्राविधिक शब्दलाई क्रमश चारु, छन्द, प्रारम्भ, ऐना, प्रतिबिम्ब, शेष, आदि अनुप्रास, अन्त्यानुप्रास, थुङ्गा नामकरण गरिएको छ ।

३. गजल शब्दको सम्बन्ध निशर्त सिधै संगीतसँग छ भने चारु स्वतन्त्र या ऐच्छिक छ ।

४. गजल स्त्रीलिंग शब्द हो भने चारु उभयलिंग शब्द हो ।

### चारु छन्द

वेदमा भनिए जस्तै हरेक पंक्तिमा अक्षर संख्या बराबर हुनु पनि एक प्रकारको छन्द हो । यो छन्दलाई चारु छन्द नामकरण गरिएको छ । छन्द या बहरमा आधा अक्षर गणना हुँदैन । कुनै पंक्तिमा आधा अक्षर बढी र कुनै पंक्तिमा आधा अक्षर थोरै या शून्य हुनेहुँदा चारु छन्दमा कुनै पंक्तिमा एक अक्षर घटीबढी भएकोलाई दोष मानिने छैन ।

'गजल भनेको बहरमा हुन्छ । यो सातौं शताब्दीदेखि अहिलेको सय वर्षसम्म बहरमा देखियो । मोतीराम भट्टले १९४२ सालमा गजल बनारसबाट यहाँ ल्याउँदा बहरमै ल्याए । त्यसपछि शम्भुप्रसाद ढुंगेल, भीमनिधि तिवारी आदिले बहरमै लेखे । वि.स. १९८० सालपछि यो गजल चाहिँ अश्लील ढंगबाट पनि आयो । बहरको बाटो छोडेर आयो । २०८० सालसम्म आउँदा थुप्रै गैर बहरका गजलहरू पुस्तकका रूपमा निस्किए । धेरै गजल अलि जटिल भएकाले सजिलो बाटो खोजेर बिना बहरका गजलहरू लेखे । तिनलाई अन्तर्राष्ट्रिय स्तरको मानिँदैन ।



त्यसकारण यसलाई नेपाल प्रज्ञा प्रतिष्ठानसँग पनि कुरा राख्यौं । २०७६ भदौ १५ र १६ गते पहिलो राष्ट्रिय गजल गोष्ठी भयो । त्यहाँ अब उपरान्त बहरमै गजल लेख्ने निर्णय भयो । बहरबाहेकका गजललाई भिन्न नाम दिइनेछ भनेअनुसार हामीले गजलको विकल्पमा 'चारु' ल्याएका हौं । 'चारु' नितान्त नेपाली व्याकरण अनुसार नेपाली शब्दहरू प्रयोग गरेर हाम्रा विभिन्न जातजातिको लोकलय र भाकाहरूमा हामी छन्दमा लेख्छौं । बहर चाहिँ हाम्रो लोकलय छन्दभन्दा फरक हो । अहिलेसम्म नेपाली साहित्यमा लेखिएका विधिवत गजलहरूको संग्रहको संरक्षण र सम्मान गर्न हामीले यो 'चारु' अगाडि ल्याएका हौं । अर्को महत्वपूर्ण कुरा के हो भने गजलमा नारीलाई विषय बनाएर प्रणयका कुरा लेखिन्छन् । त्यतिबेला गजलको जन्म हुँदा नारीहरू पुरुषको अधिनत्वमा थिए । उनीहरूलाई पढ्ने, लेख्ने र बोल्ने अधिकार थिएन । त्यसकारण पुरुषले नारीलाई मनोरञ्जनको साधनको रूपमा त्यसरी प्रयोग गरे भने अहिलेका नारीहरू पुरुषसमान छन्, पुरुषसमान नारीहरूले पुरुषको बारेमा राम्रा नराम्रा कुराहरू व्याख्या गर्न सक्नेछन्, सक्छन् भन्ने उद्देश्य राखेर नारीमैत्री विधाको रूपमा 'चारु' लाई अगाडि ल्याइएको छ ।'

डा. पन्थी थप्छन् 'बहरबिनाको गजल गजल हुनै सक्तैन । यसलाई फारसीहरूले अरू शास्त्रमा ढालेर बहरलाई अनिवार्य गरेर यसलाई ल्याए । बहर बिना गजल नहुनुको कारण के भने गजल लेखिँदैन, गजल कहिन्छ, गाइन्छ त्यसैले लेख्ने विषय होइन । गजलको सम्बन्ध सिधै संगीतसँग छ । जबसम्म हामीले सूत्रमा लेख्दैनौं, बहरमा लेख्दैनौं, तबसम्म संगीतको झंकार, धून र लयसँग यो म्याच खाँदैन । त्यसैले बिनाबहर गजल लेख्नु भनेको बालुवामा ढुंगा हान्नु बराबर हुन्छ । अहिले नेपालमा लेखिएका सिर्जना सयमा ९० 'चारु' हुन् भने १० गजल ।'

साहित्यका विभिन्न विधा हुदै पछिल्लो समय 'चारु' लेख्ने गरेका लक्ष्मी प्रसाद मिश्र स्वतन्त्र गजलको अर्को रुप या नयाँ नामकरण 'चारु' भएको बताउँछन् । आफ्ना शब्दहरूलाई छोटो समयमा संगीतको धुन र सुमधुर स्वर भरेकीमा आँफू गायिका तथा संगीतकार बबिना भट्टराईप्रति कृतज्ञ रहेको उनले बताएका छन् ।

मिश्रको यो 'चारु' मा वियोगको भाव पाइन्छ । 'जीवनमा कोहि नहुँदैमा केहि फरक नपर्ने' भाव उनको चारुमा रहेको छ । जिन्दगीको साथी भन्नु नै आँसु र पिडालाई मान्ने उनी आँसु पिएरै जिन्दगी जिउन सक्ने आँट राख्छन् । पिरती दोहोरो हुनु पर्छ भन्ने सामान्य सिद्धान्त भन्दा बाहिर गएर एकोहोरो पिरतीमा तड्पेर उनकै याद कल्पेर एक्लै जिउन सक्ने आँट पनि उनी देखाउँछन् । उनीसँगको विछोडमा उनैलाई कल्पि कल्पि बाँच्नु परेतापनि आफ्नो मनमा उनीप्रति गहिरो मायाको भाव रहेको उनको 'चारु' ले बोलेको छ ।

नेपालको संगीत इतिहासमा पहिलो 'चारु' आफ्नो स्वर तथा संगीतमा रेकर्ड गरि आफ्नो नाम अमर गर्न सफल गायिका तथा संगीतकार बबिना भट्टराई उक्त 'चारु' मा आफ्नो स्वर र संगीत भर्न पाउनुलाई अवसरको रुपमा लिएको बताउँदै २ दिनको छोटो समयमा तयार गरिएको 'चारु' गाउँदा आँफूले फरक अनुभूति संगालेको अनुभव सुनाउँछिन् । यस्तै कवि तथा गीतकार उत्तम विचार मिश्रको 'चारु' नेपालको संगीत इतिहासमा नै प्रथम 'चारु' भएकामा खुसी व्यक्त गर्दै यसमा बबिना भट्टराईको सुमधुर आवाजले थप सुमधुर बनाएको बताउँछन् ।

**'चारु'**

तिम्ले छोडी जादा नि रंगमञ्चमा खट्न सक्छ
परेलीको पानी पिई, सारा जीवन काट्न सक्छु ।

जिन्दगीको साथी भन्नु पीडा अनि आँसु रै छ,
पिरतीको सुर्के डोरी एक्लै पनि बाट्न सक्छु ।

आकाश झैं टाढा भयौ अव भेट्ने आशा छैन
तिम्रो याद संगालेर बादल सरि फाट्न सक्छु ।

विरह र बेदनामा जति जल्नु जले पनि
तिमीलाई कल्पि कल्पि एक्लै ज्युन आट्न सक्छु ।

तिम्रो माया मेरो लागि गोधुलीको घाम रै छ
छैन माया तिम्लाई भनि न त मैले ढाट्न सक्छु




## भिरु र पर्वतको
# यो जिन्दगी

गीतकार तथा समाजसेवी धर्मभिरु लामाको शब्दमा 'यो जिन्दगी' बोलको गीत सार्वजनिक भएको छ ।

चर्चित गायक राजेशपायल राई र भ्वाइस अफ नेपाल सिजन ५ बाट आफ्नो छुट्टै पहिचान बनाउन सफल गायीका स्मिता प्रधानको सुमधुर स्वरमा सजिएको गीतको मिक्सिङ मास्टरिङ रुबिन जोएले गरेका छन् । गीतमा देव गुरुङको संगीत रहेको छ भने चन्दु गोर्खालीको एरेन्ज रहेको छ ।

त्यस्तै गीतको भिडियो निर्देशन लामो समयदेखि अनुभव बटुलेका सफल निर्देशक विनयराज पौडेलले गरेका छन् । भिडियोको मुख्य भुमिकामा पर्वत गदाईली, स्वयं स्मिता प्रधान र धर्मभिरु लामाको अभिनय देख्न सकिन्छ ।

ललितपुरको विभिन्न रमणिय स्थानहरूमा छायाँकन गरिएको भिडियोको छायाँकन भने राजु लामाले गरेका छन् । त्यस्तै भिडियो सम्पादन तथा कलर सौखिन तिमल्सिनाले गरेका छन् ।

कबिर लामाको निर्माण तथा प्रोड्युसर नेपालका अध्यक्ष करण सिंहको प्रडक्सनमा निर्माण गरिएको भिडियो 'भिरु प्रडक्सन हाउस' युट्युव च्यानलबाट सार्वजनिक गरिएको छ ।

# बिन्दुको 'कोपिलाका सुगन्ध' सार्वजनिक




साहित्यकार बिन्दु अधिकारी ढकालको संस्मरण 'कोपिलाको सुगन्ध' सार्वजनिक भएको छ । एक कार्यक्रमबीच बरिष्ठ हास्य कलाकार हरिवंश आचार्य तथा पुस्तकमा समेटिएका व्यक्तित्वहरूले सयुक्त रुपमा उक्त पुस्तक विमोचन गरे ।

चन्द्र घिमिरेले कृतिमाथि टिप्पणी गर्दै ४९ जना व्यक्तित्वको बाल्यकालको संस्करण समेटिएको र यसले समाजको समग्र चित्र प्रदर्शन गरेको बताए । उनले भने, 'हरेक मान्छे कथा बोकेर बाँच्छ । त्यो लेखिए कथा बाँच्छ, नलेखे मर्छ । कतिले आफ्ना कथा लेख्छन । कतिले अरूका कथा लेख्छन । लेखिका विन्दुले अरूका कथा लेखेर जीवन्त बनाउनुभएको छ ।'

बरिष्ठ हास्यकलाकार आचार्यले भने, 'यो पुस्तकमा मेरो कथासहित देशका ख्यातिप्राप्त व्यक्तिहरूका कथाका विषयमा लेखिएको छ, लेखन तथा साहित्यिक क्षेत्रमा यतिसम्मको कलम चलाउन सक्नु ठूलो कुरा हो ।'

अर्को हास्य कलाकार मनोज गजुरेलले 'कोपिलाका सुगन्ध' मार्मिक एवं सान्दर्भिक रहेको बताए भने पूर्वमन्त्री तथा साहित्यकार शङ्करप्रसाद कोइरालाले देशका नाम चलेका व्यक्तिका बालापन समेटिएको पुस्तक पठनीय भएको बताए ।

लेखक ढकालले घरपरिवार, विभिन्न राष्ट्रि यस्तरका पत्रपत्रिका एवं सञ्चारमाध्यमको साथ र सहयोगका कारण आफूले साहित्यलगायत पुस्तक लेखनमा अघि बढ्न सफल भएको बताइन् । सिर्जनाको पृष्ठभूमिबारे संस्मरण गर्दै कृतिकार ढकालले 'कोपिलाका सुगन्ध' केबल कृति मात्र नभई अहिलेको हुर्कदै गरेको पुस्तालाई बाल्यावस्थामा अनेको संघर्ष झेलेर आफ्नो गन्तव्यमा पुग्न सफल ब्यक्तित्वहरू बारे उजागर गरेर त्यसप्रति प्रेरित गर्नु रहेको बताइन् ।

पुस्तकमा अनुराधा कोइराला, डा. आशा सिंह, उर्मिला उपाध्याय गर्ग, करिष्मा मानन्धर, कालिप्रसाद बास्कोटा, कुलमान घिसिङ, कृष्णचन्द्र शर्मा, प्रा.डा. कृष्णहरि बराल, केदार घिमिरे (माग्ने बुढा), गङ्गा सुवेदी, गङ्गाप्रसाद उप्रेती, गीता केशरी, गुणराज लुइँटेल, डा चन्द्रमणि अधिकारी, जितु नेपाल (मुन्द्रे), ढुण्डिराज शास्त्री, तिलबहादुर कार्की, दिनेशकुमार थपलिया, डा निलम ढुङ्गाना, परशु प्रधान, पारस खड्का, प्रकाश सपुत, प्रतिभा राणा, भवानी राणा, भेषराज कँडेल, मनोज गजुरेल, महाप्रसाद अधिकारी, महावीर पुन, माधवकुमार नेपाल, प्रा माधवप्रसाद आचार्य, डा मानबहादुर विश्वकर्मा, मेलिना राई, मोदनाथ प्रश्रित, यादव खरेल, डा यावदकुमार भट्ट, प्रा. डा. युवराज सङ्ग्रौला, राजेश हमाल, राधिका शाक्य, व्याकुल माइला, शङ्करप्रसाद कोइराला, शशि शाह, डा शान्तराज सुवेदी, शेरबहादुर कुँवर केसी, सपना प्रधान मल्ल, सर्वेन्द्र खनाल, सीताराम कट्टेल (धुर्मुस), सुनिल पोखेल, सुशीला कार्की तथा हरिवंश आचार्यका बालापन समेटिएको छ ।

यसअघि कविता संग्रह 'बिन्दुहरू' र कथासंग्रह 'मावली दिदी' प्रकाशित छन् ।




# 'सतीदेवी'को पोस्टर सार्वजनिक

लेखक तथा निर्देशक लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी'को अफिसियल पोस्टर सार्वजनिक भएको छ ।

सार्वजनिक पोस्टरमा 'सतीदेवी'को शीर्ष भुमिकामा रहेकी अभिनेत्री मलिका महतलाई अश्रुसहित नवजात शिशुलाई स्तनपान गराइरहेको देख्न सकिन्छ ।

यसैगरी, पोस्टरमा मलिकासँगै दुई बालकलाकार हर्षिका वली र मन्जिला बाँनियालाईसमेत फिचर गरिएको छ । उनीहरूलाई रोइरहेको देख्न सकिन्छ ।

यसअघि फर्स्टलुकमा मलिकालाई कालो मोसो र जुत्ताको माला लगाएर गाउँलेहरूले लखेटीरहेको अवस्थामा प्रस्तुत गरिएकोमा पछिल्लो समय सार्वजनिक भएको अफिसियल पोस्टरले निर्देशक सुवेदीले सिनेमाबाट छोरी हुनुको गम्भीर पीडालाई प्रस्तुत गर्ने बुझ्न सकिन्छ ।

यस्तै, स्तनपान गराइएको दृश्यले मलिकाको भूमिकामा थप कौतुहलता उत्पन्न गराएको छ । यो कौतुहलताले दर्शकलाई आकर्षित गर्ने अनुमान गर्न सकिन्छ । सिनेमा साउन ४ गते रिलिज हुँदैछ ।

# कुमार भारतीले ल्याए 'बालेन्द्रको बत्तीमा'

गीतकार कुमार भारतीको लोकलयमा आधारित नयाँ गीत 'बालेन्द्रको बत्तीमा' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ ।

जिके इन्टरटेन्टमेन्टको युट्युवबाट सार्वजनिक 'बालेन्द्रको बत्तीमा' गीतमा स्वर र संगीत ओम सुनारको रहेको छ भने शब्द गीतकार भारतीको रहेको छ ।

देबेन्द्र कुँवरको कथा र निर्देशन रहेको गीतको म्युजिक भिडियोमा गीतकार भारतीका अलवा अम्बिका कार्की, विनोद थापा, राजेश श्रेष्ठ, सरिता खत्री र रञ्जित गिरीको अभिनय हेर्न सकिन्छ । यसअघि 'साठीमा चट्ट रमाउला', 'नाम दाम बदनाम'लगायतका चर्चित गीत बजारमा ल्याइसकेका भारतीले अशिले 'बालेन्द्रको बत्तीमा' गीत सार्वजनिक गरेका हुन् ।

जे देखियो

# सुनसान गाउँघर !

*'कतारमा कृष्णे, साउदीमा श्यामे, दुवईमा हर्के छ, हर्केको बाउको गएको राति मुन्टो नै फर्कछ, गाह्रो छ हौ मलाई गाह्रो छ ।'*

गायक श्रीकृष्ण लुईटेलले गाउँमा कोही युवा नभएपछि आफुलाई गाह्रो भएको यो गीतमा झल्काएका छन् । अहिले गाउँघरको अवस्थालाई उनले आफ्नो गीतमा राम्रोसँग उतारेका छन् ।

युवाहरू अहिले गाउँघरमा भेटिदैनन् । केही रहेका युवाहरू पनि खुशी साथ बस्न सकेका छैनन् । युवाबिहीन बनिरहेको छ, गाउँघरहरू । स्थानीय तहमा नै अधिकार सम्पन्न सरकार तथा पुर्वाधारहरू पुगिरहँदा समेत युवा पलायन हुन नरोकिनु चिन्ताको विषय बनेको छ ।

कुनै समय गाउँघरमा युवाहरूको छुट्टै जमात हुन्थ्यो । घाँसदाउरा, मेलापात, मर्दापर्दा कहिल्यै पनि युवाहरूको अभाव हुँदैन थियो । गाउँघरमा कार्यक्रम हुँदा वा कार्जे हुँदा गाउँकै युवाहरू मिलेर उतार्ने गर्थे । गाउँमा मठमन्दिर, बाटोघाटो निमार्ण गर्न पनि बाहिरी जनशक्तिको आवश्यकता पर्दैन थियो ।



पर्वत विश्वकर्मा

तर पछिल्लो समय गाउँघरमा युवालाई देख्न पनि गाह्रो हुन थालेको छ । सरकारले गाउँगाउँमा सिंहदरबार भन्ने अभियान त चलायो तर युवाहरूलाई गाउँमै रोक्न भने सकेको छैन । गाउँमा कुनै अवसर नभएर हो या बस्ने मन नभएर हो नेपालका धेरै गाउँहरू युवाविहीन बनिरहेका छन् । हरेक स्थानीय तहमा अधिकार सम्पन्न सरकार त पुग्यो तर त्यहाँका युवाहरूलाई गाउँमै उद्यमशिल बनाउनका लागि भने कुनै अभियान चलाउन सकेन । नेपालका उर्वर भूमिहरू बाँझिन थालिसकेका छन् । युवाहरू गाउँमा दु:ख गर्नुको अलावा विभिन्न अवसरको खोजीमा शहर छिर्ने र थोरै पारिश्रमिक भएपनि वैदेशिक रोजगारको बाटो तय गरिरहेका छन् ।

गाउँमा रहेका वृद्धवृद्धा र केटाकेटीहरू कोही बिरामी हुदा वा साह्रो गाह्रो पर्दा समेत सहयोग गर्ने युवाहरू भेट्न मुस्किल हुन थालेको छ । गाउँका घरहरूमा ताला लाग्न थालेका छन् । सेवासुविधाको अभावका कारण हरेक मानिसहरू शहर केन्द्रित हुन थालिसकेका छन् । केही पैसा कमाउना साथ तराई वा शहर बसाई सराई गर्ने परिपाटीले पनि पहाडका गाउँहरू आजभोलि सुनसान देखिन्छन् ।

राम्रो अवसर तथा अध्ययनका लागि पनि शहर नै छिर्ने गर्दछन् । अभिभावकहरूको मनस्थितिमा पनि गाउँघरमा बसेर काम छैन शहर नै गएर पढ्यो भने राम्रो हुन्छ भन्ने सोचले उनीहरूले आफ्ना छोराछोरीहरूलाई शहरमै राखेर पढाउँन लालायित हुन्छन् त्यसकारण पनि गाउँ रित्तिदै गइरहेको छ ।

पछिल्लो समय युवाहरू वैदेशिक रोजगारमा जाने परिपाटीले गर्दा पनि गाउँ रित्तिदै गएको हो । गाउँमै मासिक १५-२० हजार कमाउन सके मात्र पनि युवाहरूले गाउँ छोड्ने थिएनन् तर त्यो अवस्था छैन । सरकारले युवाहरूलाई गाउँमै रोक्नका लागि विभिन्न स्वरोजगारका कार्यक्रममा युवाहरूलाई जोड्दै विभिन्न तालिमहरू प्रदान गरि रोजगारको ग्यारेन्टी गर्न सक्नु पर्छ । श्रम मन्त्रालयले ल्याएको श्रमाधानले युवाको समस्या समाधान हुन सकेमा युवाहरू गाउँमै रोकिने थिए कि?

# लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

**संविधानले लैंगिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।**

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं
- उनीहरूप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

**नेपाल सरकार**

## विज्ञापन बोर्ड

eVISA
MALAYSIA

# AUTHORIZED MALAYSIA EVISA APPLICIANT CENTER IN KATHMANDU




## Our Services:

- E-visa service for Malaysia
- Reservation and sales agent of airlines ticket
- Domestic and overseas tour packages
- Corporate v. Group incentive tour
- Hotels and vehicle reservation

High View travels & Tour Pvt. Ltd. Kathmandu

## HIGH VIEW TRAVELS & TOUR PVT. LTD.

www.highviewtravelnepal.com | Sinamangal-09, Kathmandu | +977-01-5915457 / 01-5915458



विदेशबाट पठाएको रकम IME PAY वालेट,
आइएमई काउण्टर वा
बैंक खाता मार्फत प्राप्त गर्दा बन्न सक्नु हुनेछ
"करोडपति"
IME Pay मा रकम पठाउँदा
हरेक महिना रु 1 लाख
*शर्तहरू लागु हुनेछ ।
IME गरौं
करोडपति
बनौं
Hi, Deepa
1,00,00,000.00
IME International Money Express
Fast, Reliable And Secure Remittance
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD


GET YOUR
eVISA
Your MALAYSIA
थप जानकारीका लागि
QR SCAN गर्नुहोस्
TRAVEL
THE WORLD
BEST AIRFIRE AND WIDE
VARIETY OF CHOICES
Hello
Travels Pvt. Ltd.
say Hello ! to your destination
Metropark Building, 3rd Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
Ph : +977-01-4519871m +977-01-4521867, +977-01-4005210
Emaol : nepal.osc@gmail.com, evisa@hellotravels.com.np
HARVEST MOON
HARVEST MOON
Travel & Tours Pvt. Ltd.
Harvest Moon Building, Gairidhara, Kathmandu, Nepal
Ph : +977-1-4415562, 4004650, 4415574, 4415526, 4415517
E-mail: info@harvestmoongroup.com, Web: www.harvestmoongroup.com




a product of

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com/himalremit

☎ टोल फ्रि १६ ६०० १११ ०००

रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ

फोनः ००९७७-१-४२५०३५४

QR SCAN FOR MORE DETAILS.

Follow us on:

himalremit

@himalremit

@himalremit